पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : २ | २०७० साउन ११ गते शुक्रबार (July 26, 2013) | मूल्य रू. १०/-

## निर्वाचन हुनेमा एमालेको आशंका



काठमाडौं । वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई काजमा ल्याएर सरकारको नेतृत्व दिदा सबै समस्याको समाधान भएको देख्ने एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसवादी दलहरूको मोर्चा दिनप्रतिदिन संकटतर्फ धकेलिँदै गएका छन् । रेग्मी सरकारले निर्वाचनको मिति तोक्न ढिलो गरेको आरोप लगउँदै आएका यिनै दलहरूले सरकारले मंसिर ४ गते निर्वाचनको मिति घोषणा गरेपनि दलहरूले निर्वाचनको वातावरण नै बनाउन सकेका छैनन् । (बाँकी अन्तिम पेजमा)

# वैद्यको अडानले प्रचण्डलाई कामज्वरो

काठमाडौं । फकाएर नफकिएपछि, हल्लाएर नहल्लिएपछि नेकपा-माओवादीकासामु चार दलीय सिन्डिकेट माखेसाङ्लोमा परेको छ । पालैपालो अध्यक्ष बन्ने संयन्त्रको यतिखेरका अध्यक्ष प्रचण्डले बाध्य भएर निर्णयमा पुगे, मंसिर ४ गतेको निर्वाचन र सरकार परिवर्तन बाहेक ११ बुँदे सहमति र २५ बुँदे बाधाअड्काउ आदेशमा पनि संशोधन गर्न तयार छौं ।

नेकपा-माओवादीले गोलमेच सम्मेलन, राजनीतिक नेतृत्वको सरकार र मंसिर ४ को निर्वाचन सार्ने पहाडजस्तो अडान





लिइरहेको छ र आफ्ना शर्त असम्भव भएमा 'एक बुथ पाँच युथ' खटाएर निर्वाचन भाँड्ने रणनीति अनुसार दाङबाट सशस्त्र तालिम नै सुरू गरिसकेको छ । चार दलसँग वार्ता र निर्वाचन बिथोल्ने कार्यनीति बनाएर अघि बढेको नेकपा-माओवादीका कारण मंसिर ४ को निर्वाचन असम्भव बन्दै गएको छ । यसैबीच नेकपा-माओवादी पार्टी दर्ता होस्, निर्वाचनमा आओस्, विवादमा राजनीतिक सहमति बनोस् भनेर निर्वाचन आयोगले फेरि पार्टी दर्ता खुला गर्ने संकेत गरेको छ ।

नेकपा-माओवादीले लोकतन्त्र स्वीकार गरिसकेकाले निर्वाचनमा सहभागी हुनैपर्छ भन्ने धारणा कांग्रेस, एमाले र मधेसी मोर्चाको छ । तर वैद्य समूह निर्वाचनमा गयो भने नराम्रोसँग पराजित हुने डर प्रचण्डलाई छ । त्यसै पनि हालै सम्पन्न

(बाँकी अन्तिम पेजमा)

## राजधानीबासीलाई चुनाव चाहिन्न

काठमाडौं । राजधानी सबैभन्दा बढी चेतनशील, उद्यमी, व्यापारी बस्ने थलो मानिन्छ । तर, एक सर्वेक्षण अनुसार राजधानीका ५४ प्रतिशत जनताले 'भोट हाल्न नजाने' निधो गरेको आश्चर्यपूर्ण रिपोर्ट सार्वजनिक भएको छ ।

के भएको यो राजधानीबासीलाई ? राजधानीबासी राजनीति र लोकतन्त्र चलाउने नेताहरूबाट यतिधेरै निराश छन् भने सुविधा, राहत, अवसरबाट बञ्चित मोफसलका जनताले चुनावलाई सकारात्मक रूपमा लिएका होलान् ?

हुन पनि नयाँ नेपाल बनाउँछु भन्ने नेताहरूले भएको नेपाललाई ध्वस्त बनाए । सत्ता, शक्ति र सम्पत्ति आर्जन गर्न राजनीतिलाई अपराधीकरण गरेर नैतिकताको सीमा तोडेका नेताहरूप्रति जनताको विश्वास समाप्त (बाँकी अन्तिम पेजमा)

# दबाब नदिन नेकपा-माओवादीको गुहार

**अभियान संवाददाता**

काठमाडौँ । गत फागुन ३० गते कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चा, मधेसी मोर्चाबीचमा भएको ११ बुँदे सहमति र त्यति सहमतिका आधारमा चैत्र १ गते गरिएको २५ बुँदे सहमतिलाई खारेज गर्दै राजनीतिज्ञको नेतृत्वमा सरकारको गठन हुनुपर्ने माग गर्दै सडक संघर्षमा गएको नेकपा-माओवादीले मंसिर ४ गते नै निर्वाचन हुनुपर्छ भनेर निर्वाचनका पक्षमा दबाब नदिन अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गरेको छ ।

चार दल र खिलराज रेग्मी नेतृत्वको सरकारले वार्तामा बस्न आग्रह गरिरहेको बेला मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी सहितको ३३ दलले अन्तर्राष्ट्रिय



समुदायसँग नेपालका बारेमा दबाब नदिन अपिल गरेको हो ।

नेकपा-माओवादीका सचिव देव गुरूङद्वारा शनिबार अर्थात् श्रावण ५ गते जारी गरिएको विज्ञप्तीमा भनिएको छ, कुनै पनि मित्रराष्ट्र र सहयोगी दातृ निकायहरूबाट निर्वाचन प्रयोजनका लागि गरिने सबै सहयोग रोकियोस् र कुनै पनि कूटनैतिक निकायहरूबाट नेपालको आन्तरिक मामिलामा हस्तक्षेप हुने गरी नेपाली जनताको राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक पद्धतिलाई गम्भीर आँच आउने खालको अलोकतान्त्रिक विधि अपनाएर संविधान बन्ने सुनिश्चितता नभएको निर्वाचनलाई समर्थन नगरियोस् । गुरूङले सबै कूटनैतिक निकायलाई यस्तो पत्र पठाएका छन् । निर्वाचनमा भाग लिन अन्तर्राष्ट्रिय दबाब परिरहेको स्वीकार गर्दै विज्ञप्तीमा उल्लेख गरिएको छ । कतिपय मित्रराष्ट्रहरूको यस्तो कदमले नेपाली जनतालाई राम्रो गर्दैन नै यसले

(बाँकी अन्तिम पेजमा)

## पूर्वराजा नै बढी राष्ट्रवादी

**अभियान संवाददाता**

काठमाडौँ । नेकपा-माओवादीका सचिव एवम् प्रभावशाली नेता नेत्रविक्रम चन्दले राष्ट्रिय स्वाधीनताका लागि पूर्व राजसंस्थासँग पनि सम्झौता गर्न सकिने उद्घोष गरेर सबैलाई चकित पारिदिएका छन् । गत आइतवार नेकपा-माओवादीको थरूहट राज्य समितिस्तरीय कार्यकर्तालाई प्रशिक्षण दिन धनगढी पुगेका सचिव चन्दले उक्त कुरा बताएका हुन् । धनगढीमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै सचिव चन्दले राष्ट्रियताका लागि पूर्वराजा मात्र होइन जो सँग पनि सम्झौता हुन सक्ने उद्घोष गरेका छन् ।

सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता चन्दले भने पूर्व राजाले राष्ट्रमा संकट आयो मद्दत गर्दछु भनेमा त्यसलाई इन्कार गर्न नसकिने भन्दै अहिले अरूभन्दा



पूर्वराजा ज्ञानेन्द्रमा नै राष्ट्रियता बढी देखिएको बताएका छन् । क्रान्तिकारी पत्रकार महासंघद्वारा आयोजित पत्रकार

(बाँकी अन्तिम पेजमा)

## सदावहार मन्त्रीले भने अब मन्त्री बन्दिनँ



काठमाडौँ । जनकपुर पुगेर सदावहार मन्त्रीको रूपमा चिनिएका सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले उद्घोष गरे । अब आजीवन आफू मन्त्री नबन्ने उद्घोष गरे पनि उनैका कार्यकर्ताहरूले त्यसलाई पत्याउन सकेका छैन । पवित्रनगरी जनकपुरमा उनले आफू आजीवन मन्त्री नबन्ने उद्घोष गरेपनि प्रधानमन्त्री र मुख्य मन्त्रीका बारेमा भने उनले मुख खोलेनन् । मधेस आन्दोलन पछि ५ पटकसम्म महतो मन्त्री बनेका थिए । जसको नेतृत्वमा सरकार गठन भएपनि उनी मन्त्री बन्दै आएका थिए । महतोकै पालामा नेपाल आयल निगममा व्यापक भ्रष्टचार भएको थियो । पछिल्लो पटक (बाँकी अन्तिम पेजमा)

## उत्पादन बिग्रेडले उत्पात मच्चायो

काठमाडौं । हेटौंडाबाट खबर आएको छ, एमाओवादीको उत्पादन बिग्रेडले हेटौंडा औद्योगिक क्षेत्रमा उत्पात मच्चाउन थालेको छ । चन्दा आतंक चलाइरहेको उत्पादन बिग्रेडका लडाकुले न्यूनतम पारिश्रमिक लागु गर, २ सय पचास भत्ता बढाउ भन्ने खबरले औद्योगिक क्षेत्रभित्रै आतंक मच्चाएको छ । यो आतंकबाट आजित भएर केही उद्योगहरू बन्द भएका छन् भने केही उद्योगहरू बन्द गर्ने तयारीमा जुटेका छन् ।

स्मरणीय के छ भने न्यूनतम पारिश्रमिक र भत्ता तोकिनु पूर्व नै श्रमिकहरूसँग वार्ता गरेर उद्योगहरूले तलब, भत्ता सहमति नै बढाइसकेका थिए । त्यो बिर्सिएर २ महिना नहुँदै तलब भत्ता बढाउन दबाब दिएर उत्पादन बिग्रेडले अन्याय गरेको उद्योगपतिहरूको आरोप छ ।

उत्पादन ब्रिगेडको आतंक पीडित भएर बन्द भएका उद्योगहरूमा साबुन उद्योगहरू,

(बाँकी अन्तिम पेजमा)

# अब नेताले पनि राजतन्त्र खोजे !?

***शाश्वत शर्मा खतिवडा***

आखिर सूर्यलाई हत्केलाले कतिन्जेल छोप्न सकिन्छ र ? हो, ठीक त्यसै गरी यो मुलुकको आवश्यकतालाई पनि करीब ६-७ वर्षसम्म छोप्ने काम त गरियो !! तर अब ? सत्य एक न एक दिन उध्रिन्छ भनेझैं अब त्यही 'सत्य' विस्तार विस्तार उध्रिन थालेको छ । एमाओवादीका अध्यक्ष प्रचण्डले जतिसुकै 'भूतहरू अब व्यूँतिदैनन्' भनेर सार्वजनिक रूपमा नै भनेता पनि उनकै हिजोका सहयात्रीहरूबाट आज 'व्यूँताउने' कामहरू हुन गइरहेका छन् ।

एकथरीलाई लाग्दो हो, कमल थापाहरू मात्र राजतन्त्रको पछि लागेका छन् भन्ने । तर होइन, मुलुक बचाउने र निर्माण गर्ने सवालमा 'राजा'को अपरिहार्यता देख्न थालिसके प्रचण्डकै राजनीतिक 'गुरू' मोहन वैद्य 'किरण' हरूले । राष्ट्रियताको सवालमा (पूर्व) राजा एवम् राजावादीहरूसँग सहकार्य गर्न सकिन्छ भनेर अहिले पटक-पटक वैद्यले दोहो-याउन थाल्नुले विस्तार विस्तार यी 'नेता'हरू भ्रमको जालोबाट निस्कन थालेको अनुभव कतिपयले गर्न थालेका छन् । फेरि वैद्यको मात्र कुरा किन गर्नु ? नेपाली काँग्रेसभित्र पनि राजतन्त्रको अपरिहार्यताका बारेमा चर्चा चल्न थालेको प्रमाण हालै वी.पी.पुत्र शशांकबाट पनि मिलेको छ ।

नेपाली जनताले चाहेमा राजतन्त्र पुनः फर्किन सक्छ भन्ने शशांकको आशय त्यसै आएको होइन । 'हामीले धान्न सकेनौं' अब 'राजा' नै चाहिन्छ भन्ने आशय हो । त्यसो त, काँग्रेस सभापति सुशील कोइरालाले यो कुरालाई लिएर डा. शशांकलाई गाली गरेको र पार्टीले स्पष्टीकरण सोध्ने तयारी गरेको चर्चा पनि छ । तापनि 'सत्य' आखिर 'सत्य' नै हो । आफूहरूको 'राजनीतिक कद' घट्दै गएको र (पूर्व) राजा जसलाई हिजो



बिल्कुलै असंवैधानिक तवरबाट विस्थापन गरिएको थियो, तिनको 'कद' चैं अझ बढ्दै गएकाले पनि गणतन्त्रवादी नेताहरूले अब विस्तार विस्तार 'राजा' र राजतन्त्रको महत्वलाई बुझ्न थालेको भान भइरहेको छ ।

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# रेग्मी र चारदलीय सिन्डिकेट नै निर्वाचनको बाधक

*आगामी मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन तोकिएको समयमै हुने कि नहुने भनि शंका उपशंका उब्जिएको बेला निर्वाचन आयोगले भने निर्वाचन आचारसंहिता श्रावण ७ गतेदेखि लागू गरेको छ । आयोगले श्रावण ७ गते नै आयोगको कार्यकक्षमा पत्रकार सम्मेलन गरेर आचारसंहिता लागू भएको घोषणा गरिरहँदा नेकपा–माओवादीका अध्यक्ष मोहन वैद्य भने आफ्ना मागहरु सम्वोधन नगरी जबर्जस्ती निर्वाचन गराउन खोजेमा भोट माग्न मतदाताकहाँ नेताहरु आए उनीहरुमाथि सांघातिक आक्रमण गर्ने धम्की दिइरहेका थिए । गत फागुन ३० गते कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरुको मोर्चाले ११ बुँदे सहमति गरेर त्यही सहमतिका आधारमा चैत्र १ गते संविधानको बाधा अड्काउ फुकाउ धारा १५८ प्रयोग गरी संविधानका २५ वटा प्रावधानहरु संशोधन गरिएकोप्रति नै नेकपा–माओवादी सहितका ३३ दल र उपेन्द्र यादव नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम नेपाल लगायत अन्य ८ दलहरु ११ बुँदे र २५ बुँदे संशोधनप्रति नै विरोध गरिरहेको अवस्थामा ४ मंसिरमा निर्वाचन सम्भव होला ?*

*नेकपा–माओवादी ११ बुँदे र २५ बुँदे संशोधन खारेज नभएसम्म निर्वाचन हुन नसक्ने ठहर गर्दै सडक संघर्षमा गएको र निर्वाचन विथोल्ने फौजी दस्ता नै तयार गरिरहेको अवस्थामा जबर्जस्ती निर्वाचन गराउन खोजे त्यसले कस्तो निर्णय देला ? निर्वाचन आयोगले सरकार र चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्रलाई निर्वाचनको विपक्षमा रहेका दलहरुलाई सहमतिमा ल्याउन भाद्र ४ गतेसम्मको समयसीमा निर्धारण गरेको जानकारी निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीले पत्रकारहरुलाई दिएका छन् । निर्वाचन प्रयोजनका लागि विभिन्न ६४ प्रकारका विधिहरु अपनाउनु पर्ने र ती सबै विधिहरु पूरा गर्न कम्तीमा पनि ८० दिन लाग्ने भएको हुनाले भाद्र ४ गतेसम्ममा दलहरुबीच सहमति नभएको खण्डमा निर्वाचन गर्न कठिनाई हुने जानकारी दलहरुलाई भएकै हुनुपर्ने हो । पछिल्लो समयमा हेर्दा उपेन्द्र यादवले नेतृत्व गरेको मोर्चाले ११ बुँदे र २५ सहमति र संविधान संशोधनका प्रावधानहरु सच्याउन पर्ने माग गरिरहेका र वैद्यले नेतृत्व गरेको ३३ दलले ११ बुँदे र २५ बुँदे वाधा अड्काउ फुकाउ सम्बन्धी संशोधन नै खारेज हुनुपर्ने मागहरु अघि सारेको अवस्थामा तोकिएको समयसीमाभित्रमा निर्वाचन प्रायः असम्भव जस्तै देखिएको छ । निर्वाचन आयोगले जतिसुकै चुरीफुरी गरे पनि अहिलेसम्म निर्वाचनको वातावरण नै बनेको छैन । वैद्य र यादवले आ–आफूहरुले नेतृत्व गरेका मोर्चाहरु निर्वाचन विरोधी नभएको र चारदलीय सिन्डिकेटले मात्र गरेको सहमति र संशोधनको विपक्षमा मात्र रहेको हुनाले आफ्ना मागहरु सम्वोधन हुनु पर्दछ भनिरहेका भए पनि आफ्नै नियुक्तिविरुद्ध मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले वार्ता गरी समस्याको समाधान निकाल्छन् भन्ने विश्वास कसैलाई छैन । उपेन्द्र यादवले नेतृत्व गरेको मोर्चाले रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिनुपर्ने सर्त अगाडि सारे पनि रेग्मीले भने राजीनामा दिने संकेतसम्म नदेखाएका र चार दलीय सिन्डिकेटले राजीनामा दिनुपर्ने सर्त रेग्मीसमक्ष नराखेको हुनाले निर्वाचनका प्रमुख वाधक भनेका रेग्मी र चार दलीय सिन्डिकेट नै हुन् भन्ने हामीले ठहर गरेका छौं ।*

*वैद्य र यादवले उठाएका केही मागहरु जायज नै छन् । संविधानसभा वा संसद् छैन । वहालवाला प्रधानन्यायधीश कार्यपालिकाका प्रमुख भएको हुँदा लोकतन्त्रको प्रमुख आधार संसद्, न्यायालय र कार्यपालिकाका प्रमुख एउटै व्यक्ति हुनु भनेको लोकतन्त्रको उपहास हो । लोकतन्त्रलाई वा प्रजातन्त्रलाई अधिनायकवादसँग दाँज्न सकिँदैन । लोक भनेको जनता र तन्त्र भनेको जनताको अधिकार हो तर दलहरुले लोकतन्त्रको अलग व्याख्या गर्दै लोक भनेको नेता र तन्त्र भनेको मनपरी गर्न पाउने अधिकारका रुपमा व्याख्या गरेर अनेकपटक असंवैधानिक कार्यहरु गर्दै अगाडि बढेका हुनाले हालको अवस्थालाई लोकतन्त्र भन्न सकिने अवस्था छैन । वैद्य र यादवले उठाएका मागहरु सबै सम्वोधन गर्न सकिने खालका नभए पनि सम्वोधन गर्न सकिने मागहरु सम्वोधन गरेर मुलुकलाई निर्वाचनको बाटोमा अगाडि बढाउनु नै अहिलेको उचित विकल्प हुन सक्छ । त्यसका लागि चाहे रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा ने किन दिनु नपरोस् भने हाम्रो धारणा रहेको छ ।*

# पीडितलाई सहयोग गर्नु आचारसंहिताविरूद्ध हुँदैन

■ **देवेन्द्र चुडाल**

एकीकृत नेकपा माओवादीबाट विभाजित भएर गठन भएको नेकपा–माओवादीले राष्ट्रियता र राष्ट्रिय स्वाधीनताका बारेमा पूर्वराजा र राजावादीहरूसँग सहकार्य हुन सक्छ भन्ने अभिव्यक्ति दिएपछि राजनीतिक क्षेत्रमा ९ रेक्टरको भूकम्प नै गएको छ । एकीकृत नेकपा माओवादीका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले त पूर्वराजालाई जेल हान्नु पर्ने र उनले अहिले गरिरहेको भ्रमणलाई रोक्नु पर्ने अभिव्यक्ति मात्र दिएनन् आफू प्रधानमन्त्री भएको बेला पूर्व राजालाई जेल हाल्ने योजना बनाए पनि नेपाली काँग्रेस, नेकपा एमाले र विदेशीहरूको कारण जेल हाल्न नसकेको स्वीकार गरेका छन् । डा. भट्टराई त्यस्ता व्यक्ति हुन् उनी प्रधानमन्त्री भएको बेला उनले संविधान, ऐन कानुनको धज्जी उडाउँदै भ्रष्टाचारलाई बढावा दिँदै संविधान विपरितका कार्यहरूसमेत गरेका र भट्टराई नेतृत्वमा रहेको सरकारले गरेका निर्णयहरूमध्येका ६२ वटा निर्णयलाई सर्वोच्च अदालतले बद्दर गरिदिएको थियो । भट्टराईकै पालामा उनले सार्वजनिक सम्पत्ति जग्गा जमिनहरू आफू आवद्ध भएको पार्टीको भातृ संगठनलाई दिएका थिए । आफ्नी श्रीमतीको दबाबमा बालाजु बाइसधारा रहेको जग्गा सुकुम्बासीका नाममा कथित सुकुम्बासीहरू खडा गरेर उनीहरूलाई वितरण गर्ने प्रयास गरेका भए पनि जनताको व्यापक विरोधका कारण उनको योजना सफल हुन सकेको थिएन । काठमाडौँबाट चार किलोमिटर टाढा रहेको ललितपुरको एक गाउँमा जान सरकारी हेलिकोप्टर प्रयोग गर्ने तिनै भट्टराई हुन् । अनि गरीब जनताकहाँ एक रात विताउने नाममा उनले राज्यकोषबाट करोडौँ रूपैयाँ खर्च गरेर गरीब जनतालाई ऋणको भार बोकाउन सफल भएका भट्टराईले पूर्वराजालाई जेल हाल्ने अभिव्यक्ति दिनु लाचारीपनको अर्को एउटा राम्रो नमूना बाहेक अन्य केही हुन सक्दैन । भट्टराईले चोरको खुट्टा काट भन्दा किन खट्टा निकालेका होलान् ? त्यो त भविष्यले देखाउने छ । भट्टराई तिनै व्यक्ति हुन्, उनी प्रधानमन्त्री भएको बेला आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरी संविधानसभाको हत्या नै गरिदिएका थिए । स्मरण रहोस् संविधानसभाको माग गर्ने तिनै भट्टराईको पार्टी थियो ।

सुदूरपश्चिमाञ्चल हालै गएको बाढीपहिरोले हजारौं नेपालीहरू संकटमा परेका छन् । सरकारी तवरबाट पर्याप्त सहयोग नपाएको गुनासो त्यहाँको जनताले गरेका बेला हिमानी ट्रष्टबाट सहयोग वितरण गर्ने कार्य भएको हुनाले सहयोग स्वरूपको राहत वितरण गर्न पूर्वराजा दार्चुला, कैलाली, कञ्चनपुर जाने कार्यक्रम रहेको हुनाले विशुद्ध मानवीय सहयोग गर्न पूर्वराजाले किन नपाउने ? दार्चुलामा गएको बाढी पहिरोले गर्दा दार्चुलाको स्वरूप नै विग्रिएको स्वयम् सरकारी अधिकारीहरूले नै बताइसकेका र सरकारी स्तरबाट पर्याप्त सहयोग हुन नसकेको सरकारी अधिकारीहरूले स्वीकार गरिसकेको अवस्थामा पूर्व राजाले मात्र होइन जोसुकैले पनि पीडितलाई सहयोग गर्न पाउनु नेपाली जनताको नैसर्गिक अधिकार हो । एउटा नेपाली पीडित हुँदा अर्को नेपालीले सहयोग गर्न पाउँदैन भनु कम्युनिस्ट अधिनायकवादी सिद्धान्तबाहेक केही हुन सक्दैन । दार्चुलामा गएको बाढीपहिरोको जानकारी लिन कथित ठूला दल भनिएका भट्टराईकै पार्टी एनेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चाका नेताहरू जनताको पीडामा मलमपट्टी लगाउन त्यहाँ गएनन् । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले त सरकारले हेलिकोप्टर उपलब्ध गराइदियोस् भनेर सरकारसँग विन्तीपत्र नै हाले पनि सरकारले पार्टीका नेताहरूलाई सरकारी खर्चमा त्यहाँ पठाउन नसकिने उद्घोष गरेपछि दाहाल लगायत एमाओवादीका नेताहरूले त्यहाँ जाने हिम्मत नै नगरेका बेला हिमानी ट्रष्टले राहत वितरण गर्ने कार्य गर्नु कहाँको अपराध हो ?

निर्वाचन आयोगले श्रावण ७ गतेदेखि आगामी मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनका लागि आचारसंहिता लागू गरेको छ । आयोगले कसैले कसैलाई सहय ोग गर्नु पर्ने भएमा सरकारमार्फत् सहयोग गर्नुपर्ने आचारसंहितामै उल्लेख गरे पनि पूर्वराजाको कुनै पार्टी नभएको र उनी कुनै पार्टीसँग आवद्धसमेत नरहेका हुनाले पूर्वराजाले राहत सामग्री वितरण गर्दा निर्वाचनलाई प्रभाव पर्दछ भन्नुको कुनै तुक छैन । निर्वाचन आयोगले जतिसुकै फाइफूइँ गरे पनि आउँदो मंसिर ४ गते कथित ठूला दलहरूकै कारण निर्वाचन हुन नसक्ने अवस्था देखिएको छ । निर्वाचनका लागि आचारसंहिता लागू गर्नु भनेको मुलुकलाई नै ठप्प पार्नु होइन । मानवीय संवेदनशीलता हराउँदै गएका व्यक्तिहरूले मात्र निर्वाचन आचारसंहितालाई देखाएर पीडित व्यक्तिहरूलाई सहयोग नगर्ने वा गर्न नसक्ने बहानाबाजीका रूपमा आचारसंहितालाई लिएको हुनुपर्दछ । जनताको पक्षमा लडाइँ लडेको र आवश्यक परेको खण्डमा फेरि सुरूङयुद्ध लड्ने अभिव्यक्ति दिने नेता भट्टराईले जनतालाई प्रष्ट रूपमा भनिदिनु पऱ्यो सुरूङयुद्धले नेपाली जनतालाई के दियो ? नेताहरू छिमेकी मुलुक भारतमा बसेर उसैले दिएको दानापानी खाने अनि सोझासाझा जनतालाई त्यही भारतकोविरूद्ध युद्ध लड्न सुरूङ निर्माण गर्न आदेश दिने तिनै बाबुराम भट्टराई नै थिए । केही समय पहिला भट्टराइकै पार्टीका अध्यक्ष पुष्पकमल दाहालले आफ्ना कार्यकर्तालाई बालकुमारीमा रहेको खन्ना गार्मेन्ट प्रशिक्षण दिँदै भनेका थिए – भारतले डा. बाबुराम भट्टराईलाई प्रधानमन्त्री बनाउन चाहेको छ, मैले रोकेर रोक्न सकिन, त्यसैले प्रमाणित हुन्छ डा. भट्टराई कसको बोली बोलिरहेका छन् । पुष्पकमल दाहालले प्रधानमन्त्री पद त्याग्नु परेको पीडामा मुलुकलाई ठप्प पार्दै अब खेताला गोठालाहरूसँग कुनै प्रकारको वार्ता नगर्ने मालिकसँगै प्रत्यक्ष वार्ता गर्ने अभिव्यक्ति दिने दाहालले अब भन्नु पऱ्यो तपाईँहरूको मालिक भारतको चाहाना के हो ?

संविधानसभाको दोस्रो निर्वाचन मंसिर ४ गते भनिए पनि अहिलेकै अवस्थामा निर्वाचन हुने कुरामा विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् । चार दल र तिनै चार दलको इशारामा सञ्चालन हुने राष्ट्रपति र खिलराज रेग्मी नेतृत्वको सरकारले चाहेर मात्र निर्वाचन हुन सक्दैन । निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि एक सय ३९ वटा दलले निवेदन दर्ता गराएका भए पनि आजसम्म कति दलले निर्वाचनमा भाग लिन पाउने भए भनेर आयोगले जानकारी गराउन सकेको छैन । नेकपा–माओवादीले नहुने निर्वाचनका लागि आयोगमा किन दल दर्ताका लागि निवेदन दिनु भनेर निवेदन नै दिएको छैन । नेकपा–माओवादी सहितका ३३ दल र उपेन्द्र यादवले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम नेपाल सहित अरू ८ दलको संघीय समाजवादी मोर्चाले समेत अहिलेकै अवस्थामा निर्वाचनमा जान नसकिने भन्दै आफ्ना मागहरू सम्वोधन गर्न चारदलीय सिन्डिकेट र रेग्मी सरकारलाई दबाब दिइरहेको बेला जबर्जस्ती निर्वाचन गराउन खोज्नुको पछाडि के रहस्य लुकेको छ ? भारतले सिक्किम खाँदा त्यहाँको अवस्था ठ्याक्कै अहिलेको हाम्रै जस्तो थियो । निर्वाचनको नौटंकी गरेर नौटंकी संसद्बाटै सिक्किमलाई भारतमा विलय गराउने निर्णय संसद्ले नै गऱ्यो । अहिले हाम्रो अवस्था नेपाललाई भारतमा विलय गराउने नभएर भारतको अर्धऔपविनेश बनाउनेतिर उन्मुख भएको छ । नेपालमा राजतन्त्र रहेसम्म छिमेकी मुलुकहरूको हैकम चल्न नसक्ने अवस्था देखेरै तत्कालीन माओवादीको सहारा लिएर नेपालबाट असंवैधानिक रूपले राजतन्त्रको अन्त्य भएको घोषणा गरियो । हो, जनताले मन नपराएको खण्डमा जस्तोसुकै तन्त्र पनि विस्थापित हुन सक्छ तर राजतन्त्रको अन्त्य गर्ने बेला जनतालाई चुँसम्म बोल्न दिइएन । कथित दलहरूका प्रतिनिधिहरूले राजतन्त्रको अन्त्य भएको घोषणा गर्नु नै नेपाल र नेपाली जनताको लागि अर्को दुर्भाग्य थियो । जनताले निर्णय गरेर राजतन्त्रको अन्त्य गरेका भए त्यसकाविरूद्ध पूर्वराजाले समेत बोल्न सक्ने अवस्था रहँदैनथ्यो । अहिले लोकतन्त्र पनि राजतन्त्रकै बाटो अपनाएर विस्थापित हुने अवस्थामा यिनै दलहरूले पुऱ्याएका हुनाले जबर्जस्ती रूपले कसैलाई हट्न बाध्य र कसैलाई कुर्सीमा पुऱ्याइएता पनि त्यसले समग्र मुलुकको हित गर्न सक्दैन भन्ने प्रमाण हाम्रो आँखा सामुन्ने नै प्रष्ट देखिएको छ ।

लोकतन्त्रमा सबै नागरिकले समान अधिकार पाउनु पर्ने विश्वव्यापी मान्यता हो । पूर्वराजा अहिले सामान्य नागरिक भइसकेका हुनाले अन्य नेपाली नागरिकले पाए सरहका सबै सुविधाहरू उनले पाउनै पर्दछ । नेपालको अन्तरिम संविधानले कुनै पनि नेपाली नागरिकलाई आफ्नो देशभित्र घुमफिर गर्न र सम्पत्ति आर्जन गर्न रोक नलगाएको अवस्थामा पूर्वराजालाई भने त्यो अधिकार प्रयोग गर्नबाट कसरी वञ्चित गर्न सकिन्छ ? पीडित जनतालाई सहयोग गर्नु पूर्वराजाको अपराध हो ? बाढीपहिरोबाट पीडित भएका जनतालाई सक्दो सहयोग गर्नु प्रत्येक नेपाली नागरिकहरूको दायित्व हो । दलहरूले सहयोग गरेनन् भनेर के पीडितलाई जनताले पनि सहयोग नगर्ने ? पीडित जनताको घाउमा मलम लगाउने दायित्वबाट दलहरू चुके नै अन्य जनता किन चुक्ने ? सहयोग गर्न तयार भएका व्यक्तिहरूलाई अनेक प्रकारका लान्छना लगाएर जेन हाल्नु पर्ने, जेल हाल्छु, जेल हाल्छौं भन्ने जस्तो उद्घोष गर्ने व्यक्तिहरूको उद्घोष उनीहरूको पागलपनबाहेक अन्य केही हुन सक्दैन ।

पूर्वराजाले बाढी पीडितहरूलाई सहयोग गर्ने पैसा भन्दा कैयौं गुणा बढी पैसा खर्च गरेर दलहरूले आफ्नो दलको प्रचारबाजी गरिरहेका छन् । तर उनीहरूले बाढीपीडितलाई एक पैसासम्म सहयोग गरेका छैनन् । चार दलको आडमा निर्वाचन आयोगले आचारसंहिता देखाएर त्यसको उल्लंघन भयो भनेर निर्वाचन आयोगले त्यसलाई रोक्न खोज्नु अर्को आपत्तिजनक कार्य हो । पूर्वराजाले निर्वाचन आचारसंहिता लागू हुनुपूर्व नै राहत वितरण गर्न बाढीपीडित कहाँ जाने कार्यक्रम ल्याएका हुनाले त्यसले आचारसंहिता उल्लंघन हुन सक्ने अवस्था रहँदैन ।

*devendrachudal@gmail.com*

# पृथ्वीराज चौहानबिरूद्ध जयचन्दका अवतार



राजन कार्की

नाभीमा कस्तुरी बोकेर स्वर्गीय सुवास प्राप्ति गर्न भौंतारिने मृग र राजनीतिक नेताहरूमा कुनै भिन्नता छैन । यिनीहरू जंगली भेडाबर्गमा परेर हो कि राष्ट्रिय जीवन थिलथिलो भइसक्यो, यिनलाई कुनै फरक परेको देखिदैन । ०६३ सालको जनआन्दोलनमा यिनीहरू दाह्रा सिंहजस्ता देखिए जसले राजतन्त्रको जरा हल्लाइदियो र राजतन्त्रलाई जनताका सामु नतमस्तक हुन बाध्य गरायो । त्यसपछि ७ वर्षमा घण्टाघरको सुई अनगिन्तिपल्ट घुम्यो, दाह्रा सिंहजस्ता नेता स्याल सिंहजस्ता पो देखिन थाले । तीतेपातीसम्म भइदिएका भए ओखती हुन्थ्यो, मर्दा पनि काम लाग्थ्यो अथवा भीमसेनपातीसम्म भइदिएका भए चढाउन काम लाग्थ्यो । नेताहरू त जनताको आँखाको कसिङ्गर पो भइदिए । यिनले आफ्ना कद आफ्नै नैतिकहीन व्यवहारले घटाए ।

लोकतन्त्रका हस्तीहरूका विश्वसूचीमा बर्माकी नेत्री आङ सान सुकीको नाम थपियो, त्यो सूचीमा प्रचण्ड, सुशील, झलनाथ वा कुनै नेपालीको नाम छैन । अहिले पनि भनिन्छ, बीपीपछि नेपालमा कुनै राजनेता नै जन्मेन । बीपी बितेको ३० वर्षपछि पनि राजनेताको खडेरी ? रक्तपात भयो, रक्तकुण्ड बने । यति ठूला ठूला परिघटनाबाट राजनेता नजन्मनु भनेको दलाल प्रवृत्ति अथवा राक्षसमात्र जन्मेछ त ? सर्वोत्तम भनेको स्वत्व हो, स्वत्वको समाप्ति हेर्नुपर्दा लाग्छ– जनयुद्ध, जनआन्दोलनबाट खारिएर निस्केका नेताहरू कति निर्लज्ज ? कति घृणास्पद ? नैतिकहीन नेताबाट मुलुक र मुलुकबासीले कतिसम्म प्रताडित हुनुपर्छ भन्ने सुन्नै नसकिने उदाहरण हामी नेपाली र हाम्रो नेपाल बन्न पुगेको छ । एक लेखकले लेखेका थिए– भूतले नास्पातीको बियाँ खान्छ । नेताका भ्रष्टाचारी र अपराधिकरणले देशको जरा चपाइदियो । निरङ्कुश भनेर राजतन्त्रलाई चपरीमुनी (नागार्जुन जंगलबास) को बास पठाएर नेताहरू हस्तिनापुरको राज गर्न पुगेका थिए । सुन्दर, शान्त र समुन्नत बनाउलान् भनेर अपेक्षा गरेका जनता आज तिनै नेताहरूको अनुहारमा बाब्राक कर्मालको सर्वसत्तावाद र मार्कोसको अपराधवाद पो देख्न थालेका छन् । गाईको पुच्छर समातेर बैतर्णी तरिन्छ भन्नेमा विश्वास गर्ने नेपाली समाज नेताको पुच्छर समातेर सम्पन्नताको स्वर्ग जान चाहन्थे, नेताहरूले राजयुगको अन्त गरेर राक्षसयुगको सुत्रपात पो गराइदिए । यस्ता नेताहरूलाई दयामात्र गर्न सकिन्छ । प्राध्यापक लोकराज बराल लेख्न बाध्य भए– लोकतन्त्र भनेको भाँडभैलो होइन ।

मुलुकलाई परिवर्तनका साथ व्यवस्थित गर्छौं भनेर अगुवा बनेका यिनीहरू नै हुन् । यिनीहरूका मार्गमा अरू कसैले तगारो पनि तेर्स्याएको थिएन तर परिवर्तनलाई सार्थक स्वरूपमा ढाल्ने कारिगरी काविलपन नेताहरूले देखाउन सकेनन् । नेताहरू आफू–आफूमा झारङ्गार डुरडुर गरिरहे, यिनीहरूभित्रै मत बाझिए, यिनीहरूबीच नै मतभिन्नताको ज्वारभाटा चलिरह्यो । लोकतान्त्रिक दलहरू असरल्ल भएपछि कानुनीराज कमजोर हुनु स्वभाविक हो र मधेसतिर १ सय १० ओटा भूमिगत सशस्त्र समूहहरू बने । यी समूहहरू भारतमा बैठक गर्छन् र नेपालमा आतंक मच्चाएर नेपालको शासनव्यवस्थालाई चुनौति दिइरहेका छन् । अब त कांग्रेसबाट मधेसी नेता बनेका र मधेस जागरण अभियान चलाएका पूर्वमन्त्री जयप्रकाश गुप्तासमेत आतंककारीसँग नाइटो जोडेर भूमिगत भएका छन् । लोकतान्त्रिक शक्ति थियो भने लोकतन्त्रको विरूवा झाङ्गिसक्थ्यो, यस्ता अराजनीतिक शक्तिलाई परास्त गरिसक्थ्यो । क्या गजब, लोकतान्त्रिक दलहरू नै डन पालेर र दस्ता बनाएर लोकतान्त्रिक 'बाहुबली' बनेका छन्, बाहुबली भनेको खुला 'आतंककारी' होइन र ? लोकतन्त्रका चुनौतीहरूसँग जुध्न नैतिक साहस र राजनीतिक अवधारणाको अस्त्र छाडेर निर्बस्त्र हुनसक्ने नेताहरू, हाम्रा भाग्य निर्माता रे ।

बुद्धको देशको इज्जत राख्न सकेनौं । शान्ति शान्ति भनेर अशान्तिको बिउ छर्ने झगडाप्रेमी बनेका छन् नेताहरू । गुम्बामा बसेका गोबरगणेश भनेका यिनै हुन् । सगरमाथाको देशको सम्मान बचाउन सकेनौं । नेताका अदूरदर्शी र 'भाइ' चरित्रले अहं पालेर अहंकार देखाइरहेका छन् । दम्भी बनेर अँध्यारो बोकिरहेका छन् र भन्छन्– उज्यालो दिन्छौं, शान्ति दिन्छौं, सुशासन दिन्छौं, समानता र प्रगति दिन्छौं, नयाँ संविधान–नयाँ नेपाल दिन्छौं । लुट्नेले लुटेका बस्तु लुटिनेलाई फिर्ता दिन्छ भनेर विश्वास गर्न सकिन्न । यस्ता लुटाहहरूलाई जनताले पूजा गरेछन् । जनबिरोधीको जननेता अवतार, अव पनि छर्लङ्ग देखिएन र ?

**निरङ्कुश भनेर राजतन्त्रलाई चपरीमुनी (नागार्जुन जंगलबास) को बास पठाएर नेताहरू हस्तिनापुरको राज गर्न पुगेका थिए । सुन्दर, शान्त र समुन्नत बनाउलान् भनेर अपेक्षा गरेका जनता आज तिनै नेताहरूको अनुहारमा बाब्राक कर्मालको सर्वसत्तावाद र मार्कोसको अपराधवाद पो देख्न थालेका छन् । गाईको पुच्छर समातेर बैतर्णी तरिन्छ भन्नेमा विश्वास गर्ने नेपाली समाज नेताको पुच्छर समातेर सम्पन्नताको स्वर्ग जान चाहन्थे, नेताहरूले राजयुगको अन्त गरेर राक्षसयुगको सुत्रपात पो गराइदिए । यस्ता नेताहरूलाई दयामात्र गर्न सकिन्छ । प्राध्यापक लोकराज बराल लेख्न बाध्य भए– लोकतन्त्र भनेको भाँडभैलो होइन ।**

परिवर्तनको प्राण भनेको लोकतन्त्र हो भने त्यो कहाँ छ ? जनादेशबाट जन्मिएको संविधानसभाको गला रेट्नेहरूले प्रधानन्यायाधीशलाई सत्ता सुम्पेर निर्दलीय कर्मचारी शासनको आबिष्कार गरे । अझ आश्चर्यको कुरो छ– निर्दलीय शासकमाथि संयन्त्र बनाएर आफू बसे । 'जितना चावी भरा राम ने, उतना चला खिलौना' भन्ने गीतसँग मेल खाने गरेर चारदलीय संयन्त्रको निर्देशनमा पुतली बनेर सिंहदरवारमा बिराजमान छ– प्रधानन्यायाधीश खिलराज रेग्मीको निर्दलीय सरकार । सबैले लोकतन्त्र स्वीकार गरेर २०६४ सालको संविधानसभाको निर्वाचन र संविधानसभामा प्रवेश गरेका हुन् । त्यसपछि आजसम्मका राजनीतिक घटनाक्रमबाट लोकतान्त्रिक आचरण र नैतिकता पटक्कै सकेनन् । लोकतन्त्र नै सबैको साझा राजमार्ग हो भने संविधानसभाले संविधान किन लेख्न सकेन ? संविधानसभा किन बिघटन गरियो ? मंसिर ४ मा हुने भनिएको दोस्रो निर्वाचनका लागि असहमति किन छ ? असन्तुष्टहरू र अन्य शक्तिहरूसँग बसेर तत्काल गोलमेच सम्मेलन किन हुनसक्दैन ? होइन, भूमिगत सशस्त्र समूहजस्तै भूमिबाहिर पनि अलोकतान्त्रिक शक्ति छन् भने तिनीहरूसंग लोकतान्त्रिक र राज्यशक्ति एक भएर भिड्ने र लोकतन्त्रलाई संस्थागत गर्ने राजनीतिक हैसियत र हिम्मत किन शिशा फुटेझैं चकनाचूर अवस्थामा छ ? चुनाव नभए प्रजातन्त्र खत्तम हुन्छ, हामी नभए राष्ट्रवाद पनि रहन्न भनेर राजनीतिक दलहरू कसलाई तर्साइरहेका छन् ? सार्वभौम जनतालाई ? जनता अन्तिम र निर्णायक शक्ति हुन् भनेर मान्न नेताहरू किन तैयार छैनन् ? हालै विश्लेषक सौरभले लेखेका छन्– २५ हजार विदेशी पेरोलमा छन् र २७ हजारको फोन टेपिङ भइरहेको छ । को हुन् पेरोलका २५ हजार, कुन कुन २७ हजारको फोन टेपिङ भइरहेको छ ? यो तथ्याङ्कको यतिबृतान्त सूची सार्वजनिक हुने हो भने नेपाल तुर्लुङ्मा झुण्डिएको छ स्पष्ट हुँदैन र ?

नेताहरूले केको देशभक्तिको फोस्रो फुर्ति लगाउने ? मातृकाप्रसाद कोइरालाले कोशी, वीपीले गण्डकी र जीपीले टनकपुर सन्धि गरेका होइनन् ? कांग्रेसका शेरबहादुर देउवाले नेपालका लागि पश्चिमबाट सूर्य उदाउँछ भन्ने प्रचार गराएर एकीकृत महाकाली सन्धि आधारातमा संसदबाटै पारित गराइदिए । पूर्वपञ्च र कम्युनिष्टहरूले तीन हात उफ्रेर देउवाको साथ दिएकै हुन् । बिरोधमा दरवारिया उप्पा लागेका कीर्तिनिधि बिष्ट र भक्तपुरे नेमकिपामात्र उभिएका थिए । त्यही महाकालीले आज दार्चुला बगायो, सुदूरपश्चिम जलमग्न भएको छ । कोशी र गण्डकीको बाढीको चपेटामा आधा मधेस चुर्लुम्मै डुबिरहेको छ । नेपालमा कम्युनिष्ट शासन २०५१ सालमा आइसकेको हो । पहिलो संविधानसभाको निर्वाचनपछि प्रचण्ड, माधव नेपाल, झलनाथ र डा.बाबुराम भट्टराईको शासन चलेकै हो । अहिलेको खिलराज रेग्मीको सरकार पनि प्रचण्डकै प्रस्तावमा बनेको हो । अर्थात् २०६४ सालपछि आजसम्म निरन्तर कम्युनिष्ट शासन चलिरहेकै छ । यही शासनकालमा राष्ट्रघाती बिप्पा सन्धि भयो । भारतीयलाई नागरिकता दिने, एयरपोर्टको सम्पूर्ण व्यवस्थापन भारतलाई दिनेमात्र होइन, लुम्बिनी र इलाममा भारतीय सुरक्षा चौकी राख्ने सम्झौता पनि यही कम्युनिष्ट शासनमा भएको छ । डा.बाबुराम भट्टराईले त नेपालको साँचो विदेशमा छ मात्र भनेनन्, नेपाल कि भारत कि चीनतिर मिल्ने दुस्साहसभाव समेत प्रकट गरे । दुईहप्ता अघि भारतका विदेशमन्त्री ९ घण्टा नेपाल आउँदा चार–चार जना पूर्वप्रधानमन्त्री लाइन लागेर भेट्न पुगे । यिनले राष्ट्रियता, स्वाभिमान र लोकतन्त्रको कुरा गर्ने ? माटोको महिमाभन्दा ठूलो केही रहेनछ भन्ने बुझेर ज्यानको बाजी थापेर ०३३ सालमा स्वदेश फर्केका वीपीको समाजवादको दर्शन ज्यूँदै छ कि मरिसक्यो ? मदन भण्डारीको सोच र सिद्धान्तले उनीसँगै त्रिशुलीमा डुबेर आत्महत्या गरेकै हो त ? एमाओवादीको देशभक्तिले दिल्लीमा छलाङ् हानेकै हो ? नेकपा–माओवादी आफ्नै धरातलमा उभिएको छ कि बेइजिङको ? राजनीतिक दर्शनले 'जन्मभूमिका सामु सबै नगन्य छन्, देश बेच्न सिकाउँदैन' भने यति भनिसकेपछि, हलेदो अझै कोट्यारहनु पर्ला र ?

कवि अच्युतरमण अधिकारीले लेखेका छन्– तिमी जुन बादी बन, सफलताबादी बन । प्रसियाका बिस्मार्क बन्नेछन् हाम्रा नेताहरू भनेर हामी नेपालीले ठूलै आशा र भरोसा गऱ्यौं । थाहा छैन, यिनीहरूमा कुन रसायन मिसियो, यिनले लोकतन्त्रमात्र भन्न जाने, लोकतन्त्रको माली बन्न सकेनन् । त्यसैले लोकतन्त्रमा न कोपिला लाग्यो, फूल फुल्यो । न उज्यालो भयो, न शान्ति छायो । भएको एकता पनि भाँडियो । नागरिक सर्वोच्चताका नाममा जातीय विद्वेष फैलियो, एक नेपाल टुक्रिने बिखण्डनको खतरा बढ्यो ।

खोट नेतातन्त्रमा छ, तिनको खप्परमा चण्डालको बास छ । स्वतन्त्रताप्रेमी शुर्मा, बहादुरहरू अरूको दास बनेको इतिहास लेखिदैछ नेपालबाट । यी सबै परिदृश्यहरू देखिरहेका छौं, हेरिरहेका छौं । जान्नेहरू भन्छन्– इतिहासमा लेखिएको पृथ्वीराज चौहानबिरूद्ध जयचन्दका अवतार नेपालमा रूपान्तरण हुनलाग्यो ।

*rajan2012karki@yahoo.com*

# बर्माका विद्रोहीले कसरी पाए नेपाली पासपोर्ट ?

काठमाडौं । मानवतस्करीमा संलग्न गिरोहले बर्माका विद्रोहीलाई समेत नेपाली पासपोर्ट दिएर वैदेशिक रोजगारमा पठाउने गरेको खुलेको छ । नेपाली पासपोर्टमा विदेश जान खोज्ने र अवैध रूपमा नेपालमा बस्दै आएका बर्माका विद्रोही समूहका चारजनालाई अध्यागमन विभागले कारबाही अघि बढाएको छ ।

बर्माको मुस्लिम अल्पसंख्यक विद्रोही संगठन रोहिंगामा आबद्ध भएका कारण देशमा बस्न नसकी नेपाल आइपुगेका चारजनामाथि अध्यागमन विभागले कारबाही अघि बढाएको हो । अध्यागमनले कारबाही गर्न लागेकामा नुर मोहम्मद, मोहम्मद फोमास, मोहम्मद हुसेन र मोहम्मद अब्दुल्लाह छन् ।

उनीहरूमध्ये नुर नेपाली बनेर साउदी अरेबिया गएका थिए । तर, पासपोर्ट शंकास्पद लागेपछि त्यहाँको अध्यागमनले विमानस्थलबाट फकाइदिएको थियो । करिब चार महिनाअघि पक्राउ परे पनि सुरुमा उनी बर्मेली भएको पुष्टि भएको थिएन । तर, पछि अनुसन्धानका क्रममा उनी बर्मेली भएको खुलेको अध्यागमन विभागका महानिर्देशक शरदचन्द्र पौडेलले बताए ।

नुर मोहम्मद धनुषाका श्यामसुन्दर साह तेली बनेर साउदी अरेबिया गएका थिए । तेलीको पासपोर्टमा आफ्नो फोटो टाँसेर वैदेशिक रोजगारमा जाँदा उनी पक्राउ परेका हुन् । अध्यागमन अधिकारीका अनुसार सुरुमा उनले नेपाली नै बताएपछि प्रहरीले उनलाई ३० हजार धरौटीमा छाडेको थियो । पछि उनीहरूले आफू बंगलादेशी भएको बताएपछि अध्यागमनले बंगलादेश पर्राउन काठमाडौंस्थित दूतावासमा सम्पर्क गरेको थियो । तर, बंगलादेशको दूतावासले कुनै प्रतिक्रिया नदिएपछि थप अनुसन्धान गर्ने क्रममा उनीहरु बर्माबाट भागेको खुलेको थियो ।

बर्मामा फर्काउँदा आफूहरूको हत्या हुनसक्ने भएकाले उनीहरूले स्वदेश फर्कन अस्वीकार गरेका छन् । आफूहरूको परिवारको समेत त्यहाँको सरकारले हत्या गरेकाले भागेर नेपाल आएको बताएका छन् । स्वदेश फर्कन नचाहेपछि उनीहरूलाई शरणार्थीका रूपमा युएनएचसिआरको जिम्मा लगाउन लागिएको विभागका महानिर्देशक पौडेलले बताए । नुर विदेश गए पनि अन्यले भने काठमाडौंमा श्रम गर्दै आएका थिए । अनुसन्धानमा आबद्ध अधिकारीका अनुसार रोहिंगा समूहका बर्मेली नागरिक धेरैजना नेपाली पासपोर्टमा खाडी देशमा रोजगारीका लागि पुगिसकेको र सयौंको संख्यामा काठमाडौंमा रहेको पाइएको छ ।

साउदीबाट फर्काइएका नुरलाई एक महिला प्रहरीले ठगी गरेको उजुरीमा पनि प्रहरीले छानबिन गरिरहेको छ । तत्कालीन अवस्थामा अध्यागमन विभागमै कार्यरत प्रहरी हवल्दार हेमा घलेले आफू जमानीमा बसेर नुरलाई धरौटीमा छुटाएकी थिइन् । पछि विदेश पठाउने भन्दै उनीसँग सात लाखभन्दा बढी ठगी गरेको उजुरीका आधारमा हवल्दार घलेमाथि काठमाडौं परिसरले छानबिन अघि बढाएको छ ।

नुरले साउदीमा रहेका आफ्ना दाइसँग मगाएर घलेलाई पैसा दिएका थिए । केही महिना आफ्नो घरमा घरेलु काममा लगाएर राखेपछि घलेले अध्यागमनमा लगेर उनलाई बुझाएकी थिइन् । विमानस्थल सुरक्षा गार्डमा कार्यरत घलेलाई आयुक्त कार्यालयमा फिकाई छानबिन सुरू गरिएको काठमाडौं परिसरका डिएसपी रमेश बस्नेतले बताए ।

**तीन लाखमा नक्कली भिसा**

तीन लाख बुझाएर आकर्षक जागिरको प्रलोभनमा अफ्रिका जान लागेका दुई युवा दुबईबाट फर्काइएका छन् । उनीहरूको भिसा नै नक्कली भएपछि दुबई विमानस्थलले फर्काइदिएको हो ।

विश्वकै सबैभन्दा गरिब मुलुक सोमालियास्थित युएनको कार्यालयमा जागिरको प्रलोभनमा परेका धनकुटाका सन्तोष घिसिङ र पाँचथरका नवीन साँवा ठगिएका हुन् । नक्कली भिसामा विदेश जान लागेको आरोपमा उनीहरूलाई अध्यागमन विभागले हिरासतमा राखी कारबाही अघि बढाएको छ ।

ठगी गर्ने गिरोहमाथि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान अघि बढाएको छ । ठगीमा संलग्न सुनसरीका आशिष चौधरी पक्राउ परिसकेका छन् । अन्य व्यक्तिमाथि पनि छानबिन भइरहेको सिआइबीले जनाएको छ । एक्सेस नेपालनामक मेनपावरले उनीहरूलाई अवैध रूपमा सोमालिया पठाउन खोजेको अनुसन्धानमा खुलेको छ । सोमालियामा कामदार पठाउन प्रतिबन्धित छ । उनीहरूलाई मानवतस्करीमा संलग्न समूहले भारतबाट उडाएका थिए ।

*– नवराज*

# State-Febricated terrorism in India

■ **Shaukat Sajad**

In his recent statement, the Indian former home ministry and ex-investigating officer Satish Verma disclosed that terror-attacks in Mumbai in November 26, 2008 and assault on the Indian Parliament in January 12, 2001 were carried out by the Indian government.

According to Indian media, the fake encounter case involving a senior officer under-Secretary of Interior Ministry Ishrat Jahan has submitted an affidavit in the court stating that a member of the Central Bureau of Investigation (CBI) probe team Verma told him that in the terrorists' attacks on Parliament in Delhi and Mumbai were preplanned, and were set up "with the objective of strengthening the counter-terror legislation."

In fact, under the pretext of these self-arranged episodes, New Delhi not only suspended the process of dialogue with Islamabad, but also Confidential Building Measures (CBMs), bringing both the nuclear countries to the brink of war.

Meanwhile, Indian Prime Minister Manmohan Singh, while repeating old baseless allegations against Islamabad had stated that Pakistan has "epicenter of terrorism," and Islamabad should "end infrastructure of terrorism."

Indian top officials and media left no stone unturned in tarnishing the image of Pakistan, and country's Security Institutions through concocted stories regarding Mumbai carnage and Parliament attack, linking it with the banned organisations, Lashkar-e-Taiba (LeT) and Jamaat-ud-Dawah (JuD).

As regards the Mumbai mayhem, while fully cooperating with New Delhi, Pakistan had took action against the banned outs, LeT and JuD by lodging FIR against some suspected persons, and also detained many individuals for investigation. But Lahore High Court had released Hafiz Saeed on bail, saying that there was no evidence against him about the Mumbai catastrophe. However, India failed in supplying solid proof to Pakistan in relation to Mumbai tragedy except providing a self-fabricated story which was quite fake—full of loopholes, created by RAW, while death of Indian Anti-terrorist Squad chief Hemant Karkare was also preplanned.

The real story of the Mumbai carnage proved last year, when a day after the Indian media exposed the name of the terrorist, Wazhul Qamar Khan whose name was included in the list of 50 alleged terrorists given to Islamabad in March, 2011. In this regard, Indian Home Minister P. Chidambaram admitted that what the media described an embarrassing lapse—for preparing the list was true. While, Pakistan's law-enforcing agencies were desperately looking for Wazhul Khan. But Wazhur Qamar "is living in the suburbs of Mumbai with his family" and "is regularly reporting to a court that gave him bail" as reported by The Times of India. Besides, reports suggest that another most-wanted culprit, Feroz Abdul Khan who was supposed to be hiding in Pakistan has also been found out in India.

In the recent past, India has executed Ajmal Kasab, the lone survivor of the Mumbai attacks and Afzal Guru, In fact, RAW had taken forced statements from them that they had links with and LeT.

India and Pakistan had resumed the new phase of talks in March, 2009. Every time, prime ministers and foreign ministers of Pakistan and India ended their meetings with issuance of positive notes, vowing for the settlement of real issues, but the same failed without producing tangible results due to Indian hidden diplomacy. In this respect, New Delhi has always blackmailed Islamabad to take action against the culprits of Mumbai carnage.

Notably, on November 10, 2011, the then Prime Minister Gilani and Prime Minister Manmohan Singh met on the sidelines of the SAARC summit in Maldives. Both the rulers agreed to improve their bilateral relations especially in trade, and also stated that all the issues were discussed. Quite contrarily, two days after that meeting, Manmohan Singh stated, "I left Gilani in no doubt that if public opinion in India is not satisfied that justice is being done to those responsible to the barbarous attack of Mumbai, it would not be possible to move forward with the peace process."

Similarly in 2012, Pakistan's President Zardari and P.M Singh met on the sidelines of the NAM Summit in Tehran during which Singh repeatedly said that expeditious conclusion of the Mumbai terror attack trial in Pakistan would be a major measure in bilateral relations. Besides, he failed to give any definite date for his promised visit to Pakistan.

Especially, with the support of RAW and US, in November 2010, the six legal heirs of the Mumbai catastrophe filed a civil law suit in a district court in New York about alleged support of Pakistan,s security institutions and also asked Pakistan to dismantle LeT. Besides, by following self-devised scheme, FBI arrested a US citizen, American-born Pakistani, David Headley from Chicago. Under torture by FBI, he maligned and confessed his involvement in 26/11 attacks. But David Headley changed his testimony, absolving the Pakistani institution,s leadership from planning the Mumbai tragedy. However, India was badly disappointed when a New York federal court dismissed the case, saying that under the US foreign law, Pakistan's "enjoy immunity"

Particularly, in January 2013, Indian Home Minister Sushil Kumar Shinde disclosed that organised training camps run by the fundamentalist parties, RSS and BJP were promoting Hindu Terrorism, and were behind the Samjhauta Express, Meccca Masjid, Ajmer Sharif and Malegaon blasts. He added that these parties were involved many times in Hindu Muslim violence in India, especially Gujarat and Babri Masjid incident.

While taking positive steps, Islamabad already signed a number of trade agreements with New Delhi, which allowed India exports of multiple items across the Wagah border. It also granted India Most Favoured Nation status, which permits trade in almost everything. On the other hand, New Delhi has allowed investments by Pakistanis in India. Owing to Indian delaying tactics, Pak-Indian real issues, especially Kashmir dispute have still remained unsettled because New Delhi is determined to keep its illegitimate control on Kashmir.

Nonetheless, Satish Verma's disclosure about Mumbai and Parliament attacks including admission of other officials regarding various subversive acts have clearly proved state-sponsored terrorism in India.

# The Day of Accession of Kashmir to Pakistan

19th of July is celebrated every year on both sides of the Line of Control and all over the world by the people of Jammu and Kashmir (J&K), as on this very day in 1947, majority of people of the Indian-held Kashmir passed a peaceful resolution, and decided Kashmir's accession to Pakistan. The historical resolution not only reflected the aspirations of majority of Kashmiris, but became a milestone in their struggle of independence.

The people of Kashmir took this decision of joining Pakistan to protect their political religious, social, cultural and economic rights, as they were well aware of their fate under Hindus who had deep seated animosity for Muslims in Jammu & Kashmir.

During the partition of the Subcontinent, like other princely states, the people of the state of Jammu and Kashmir, which comprised an overwhelming Muslim majority decided to join Pakistan according to the British-led formula. But, Dogra Raja, Sir Hari Singh, a Hindu who was ruling over the J&K in connivance with the Indian Indian Prime Minister Jawaharlal Nehru and Lord Mountbatten, the then Governor General of India joined India. The design to forcibly wrest Kashmir began to unfold on August 16, 1947, with the announcement of the Radcliffe Boundary Award. When the Award was announced, it did a great injustice by awarding the Gurdaspur District—a majority Muslim area to India so as to provide a land route to the Indian armed forces to move into Kashmir.

There was a rebellion in the state forces, which revolted against the Maharaja and were joined by Pathan tribesmen who voluntarily joined the rebels. Lord Mountbatten decided to immediately send senior army and air force commanders to land in Srinagar.When Pakistan responded militarily against the Indian aggression, on December 31, 1947, India made an appeal to the UN Security Council to intervene and a ceasefire ultimately came into effect on January 01, 1949, following UN resolutions calling for a plebiscite in Kashmir.

It is mentionable that the Security Council adopted resolution 47 (1948) of 21 April 1948 which promised a plebiscite under UN auspices to enable the people of Jammu and Kashmir to determine whether they wish to join Pakistan or India. On February 5, 1964, India backed out of its promise of holding plebiscite. Instead, in March 1965, the Indian Parliament passed a bill, declaring Kashmir a province of India-an integral part of the Indian union.The very tragedy of Kashmiris had started after 1947 when they were denied their genuine right of sefl-determination. They organised themselves against the injustices of India and launched a war of liberation which New Delhi tried to suppress through various forms of brutalities.

However, instead of granting the people, their genuine right of sefl-determination and holding plebiscite in the controlled territories of Kashmir in accordance with the UN resolutions, various forms of state terrorism have become part of a deliberate campaign by the Indian army and paramilitary forces against the innocent Muslim Kashmiris, especially since 1989. It has been manifested in brutal tactics such as crackdowns, curfews, illegal detentions, massacre, targeted killings, sieges, burning the houses, torture, disappearances, rape, breaking the legs, molestation of Muslim women and killing of persons through fake encounter.

According to a report on human rights violations in the Indian Occupied Kashmir, from January 1989 to December 2012, there have been deaths of 93,274 innocent Kashmiris, 6,969 custodial killings, 117,345 arrests and 105,861 destructions of houses. Indian brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women. From January 1, 2013 to June 15, 2013, these atrocities, extrajudicial killings further increased, as the report disclosed.

Besides Human Rights Watch, in its various reports, Amnesty International has also pointed out grave human rights violations in the Indian controlled Kashmir, indicating, "The Muslim majority population in the Kashmir Valley suffers from the repressive tactics of the security forces. Under the Jammu and Kashmir Disturbed Areas Act, and the Armed Forces (Jammu and Kashmir) Special Powers Act and Public Safety Act, security forces personnel have extraordinary powers to shoot suspected persons." In this connection, European Union passed a resolution on May 11, 2011 about human rights abuses committed by Indian forces in the Indian held Kashmir. It is notable that in 2008, a rights group reported unmarked graves in 55 villages across the northern regions of Baramulla, Bandipore and Handwara. Then researchers and other groups reported finding thousands of single and mass graves without markers. In this regard, in the last few years, rights groups discovered nearly 3,000 unnamed graves in the various districts of Kashmir.

It is worth-mentioning that in August, 2011, Indian Jammu and Kashmir State Human Rights Commission (SHRC) officially acknowledged in its report that innocent civilians killed in the two-decade conflict have been buried in unmarked graves. The report indicated 2,156 unidentified bodies which were found in mass graves in various regions of the Indian-held Kashmir. Notably, foreign sources and human rights organisations have revealed that unnamed graves include those innocent persons, killed by the Indian military and paramilitary troops in the fake encounters including those who were tortured to death by the Indian secret agency RAW.

Notably, in its recent report China's leading News Agency Xinhua has unearthed more gruesome details on world-stunning unmarked graves in Poonch of the Indian occupied Kashmir. The report revealed the statement of Sofi Aziz Joo, caretaker of a graveyard as saying, "Police and Army used to bring those bodies and direct me to bury them. The bodies were usually bullet-ridden, mutilated, faces disfigured and sometimes without limbs and heads."

While, Association of Parents of Disappeared Persons (APDP) and rights groups have pointed out that more than 10,000 people have disappeared, accusing government forces of staging fake gun battles to cover up killings. They also revealed that suspected persons had been arrested and were murdered through arbitrary executions, and then buried in unmarked graves. In fact, non-condemnation of these Indian massive human rights violations and non-interference for the seettlement of this issue by the so-called civilised international community, especially the US have further encouraged New Delhi to keep on going with its state terrorism on the armless Kashmiri masses.

Indian authorities are not willing to talk with Kashmiri people on political grounds. New Delhi has reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination. Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the freedom movement of Kashmiris for the sake of their alien rule.

However, celebration of "Day of Accession to Pakistan" by the Kashmiris reaffirms that these subjugated will continue to fight against Indian illegal occupation. In this context, this historical day has great significance for Kashmiris, which gives them inspiration to take their war of liberation to its logical end.

The decision of July 19, 1947 also established the fact that the people of Kashmir have spiritual, social, political and cultural links with Pakistan and they see a promising future in accession to Pakistan.

*Sajjad Shaukat*

# ब्राजिलमा बेश्याबृत्ति : एड्स बढ्दैछ

**बहुसंख्यक महिला यौनकर्मी २० देखि २९ वर्षका छन् र उनीहरूले प्राथमिक शिक्षा प्राप्त गरेका छन्। उनीहरू आफ्ना बालबच्चालाई मद्दत गर्न पाएकोमा गर्व गर्छन्। उनीहरूलाई जनस्वास्थ्य सेवामा कुनै किसिमको विभेद छैन, उनीहरूको विचारमा यो पेसाबाट अरु पेसाभन्दा बढी आम्दानी हुन्छ। तथापि, उनीहरू अपमानित र भेदभाव भएको अनुभँति गर्दछन्, र आफँ के गरिरहेको छु भनेर अरुलाई भन्दैनन्, खासगरी आफ्ना बालबच्चालाई। उनीहरूले आफँलाई विल्कुलै रुचि नलाग्ने र कन्डोम लगाउन नचाहने ग्राहकसाग जबर्जस्ती यौनसंसर्ग गर्नुपर्ने हुन्छ।**

■ **फबियाना फ्रेसिनेट**

वेश्यावृत्तिमा लागेका ब्राजिली महिलाहरूका लागि लक्षित गरिएको एचआइभी/एड्स रोकथाम अभियानमा "खुशी" सम्बन्धी विषय अहिले विवादको केन्द्रमा छ । हाल यो अभियानका प्रमुखलाई हटाइएको छ र साथै अर्को प्रश्न पनि उब्जिएको छः "सार्वजनिक नीतिहरूको परिभाषामा लोकप्रिय सहभागिताका सीमाहरु के हुन् ?"

स्वास्थ्य मन्त्रालयको अभियान थालनी हुनुअघि नै निकै गम्भीर देखिएका दक्षिणपन्थीहरूले यो प्रक्रियाले वेश्यावृत्तिमा लागेकाहरूलाई बेवास्ता गरेको जनाएका थिए । एचआइभी/एड्स विरोधी रणनीतिको एक अभिन्न अङ्ग रहेको यो अभियानको नारा थियोः "वेश्याको रूपमा म खुशी छु ।" लक्षित वर्ग सहभागी रहेको यो नारा राष्ट्रिय बहस तथा कार्यशालापछि उठेको थियो ।

"यो नाराले हाम्रो पेसाको प्रतिष्ठालाई अभिव्यक्त गर्दछ । यो अंश हटाउनु भनेको हाम्रो अधिकारको उल्लङ्घन हो, खासगरी हामीले सामना गर्नुपर्ने सम्भावित सामाजिक कलङ्कका कारण," उत्तरी राज्य पाराका महिला यौनकर्मी समँहकी लैला बारेटो भन्छिन् । यौनरोग (एसटीडी), एड्स तथा हेपाटाइटीस नियन्त्रण विभागबाट यो अभियान सञ्चालन गरेको आरोपमा विभागका प्रमुख डर्सिउ ग्रेकोको बर्खास्तगी र दुईजना सहायक निर्देशकले राजीनामा गर्नुपऱ्यो ।

"यो निकै निराशाजनक हो" "हामी जति बलिया हुन्छौं, हाम्रो रोग प्रतिरोधी क्षमता बढ्छ । समाजले भन्नै पर्दछः यस्तो कर्ममा लागेका महिला अब छैनन् । तर उनीहरु त यहाँ छन्, र उनीहरूका कामले समाजलाई पनि केही न केही योगदान गरिरहेकै छ," बोरेटोले भनिन् । मन्त्रालयको उच्च निकायबाट स्वीकृत भइनसकेको यो एड्स विरोधी अभियानमा अरू पनि सन्देशहरु रहेका छन्, जस्तै हाम्रो सर्वाधिक ठँलो सपना नै समाजले हामीलाई नागरिकका रूपमा हेरोस् । अन्तर्राष्ट्रिय यौनकर्मी दिवस अर्थात् जुन २ तारिखमा यो सन्देशलाई फिर्ता लिनुअघि इन्टरनेट मार्फत बाहिर गइसकेको थियो ।

यो सन्देशलाई विस्थापन गर्नेगरी उही पुरानो तरिका अपनाइयोः कन्डोमको प्रयोगका बारेमा यौन पेसाकर्मीलाई परामर्श र सरकारी अस्पतालमा सुरक्षात्मक उपायहरु अपनाउन उनीहरुलाई प्रोत्साहन । यो नयाँ अभियानको नारा नै "आफ्नो सुरक्षा आफैं गर्ने यौनकर्मीले सदैव कन्डोमको प्रयोग गर्छन्" भन्ने रहेको छ जसले सहिष्णुतालाई सबलीकृत गर्ने र पँर्वाग्रहलाई उन्मँलन गर्ने लक्ष्य लिएको छ । ब्राजिलमा लागुऔषधका प्रयोगकर्तामा ५.९ प्रतिशत, पुरूष-पुरूष यौनकर्मीमा १०.५ प्रतिशत र महिला पेसेवर यौनकर्मीमा ४.९ प्रतिशत छ ।

करिब १९ करोड ८० लाख जनसंख्या रहेको यो मुलुकमा प्रत्येक वर्ष औसतमा ३७,००० नयाँ एचआइभी/एड्सका बिरामी देखा पर्छन् । अनुमान अनुसार यहाँ ५३०,००० मा एचआइभी-पोजेटिभ छ, १५०,००० लाई सङ्क्रमण भएकोबारेमा जानकारी समेत छैन ।

"हामीले पैरवी गर्ने सुरक्षात्मक उपायहरु सबै किसिमका व्यक्ति, चाहे ती खुशी हुन् वा दुःखी, का निम्ति हो । कुनै व्यक्तिको मनस्थिति के छ भनेर जाँच्ने काम स्वास्थ्य मन्त्रालयको होइन," मन्त्रालयद्वारा जारी एउटा वक्तव्यमा भनिएको छ । कतिपय मानिसले ब्राजिलको एचआइभी/एड्स विरोधी रणनीतिका बारेमा गुनासो गरेका छन् । एक समय ब्राजिलको अभियानलाई विश्वमै सर्वाधिक प्रभावकारी ठानिएको थियो । "ब्राजिलले विश्वलाई एड्स रोकथाम, जोखिममा रहेका मानिस तथा समलिङ्गी, यौनकर्मी तथा दुर्व्यसनीजस्ता व्यक्तिको अधिकारका सम्बन्धमा विगतदेखि नै अलग्याइएका व्यक्तिको उपचारमा धेरै कुरा सिकाएको थियो," एचआइभी र सञ्चारसम्बन्धी अर्जेन्टिनी विज्ञ अगस्टिन रोजोले बताइन् । तर यस मुलुकमा पुरातनपन्थी चर्चको बाहुल्यताका कारण जनस्वास्थ्यलाई धर्मसँग जोड्ने प्रयत्न निरन्तर भइरहेको छ, एचआइभी बिरामीका निम्ति कार्यरत भिड्डा नामको स्वयमसेवी संस्थाका जर्ज गुभिआ भन्छन् । ग्रेकोको दृष्टिमा जोखिमहरु पहिल्यैदेखि देखा पर्न थालिसकेका थिए । उनले अरू पनि उदाहरण दिए, जस्तै उत्सवका क्रममा भिडियो प्रस्तुतिमा प्रतिबन्ध जसले दुई पुरूषबीचको सम्बन्धलाई देखाएको थियो । यस्तै अर्को कार्टुन चित्रमा यौनिकता र समलिङ्गी कुरा देखाउन पनि प्रतिबन्धित गरिएको थियो ।

"यो व्यवसाय गुप्त किसिमबाट चल्ने भएकाले उनीहरूले हाम्रो उपचार गर्न सक्दैनन् । उनीहरु देखा पर्न चाहँदैनन् भने हाम्रो अधिकार पनि निरन्तर रूपमा कटौती भइरहन्छ," आर्को आइरिस नामको अधिकार समँहका अध्यक्ष जुलिओ मोरेराले बताए ।

रोजोको दृष्टिमा यो विषयमा राज्यले नै अभिव्यक्ति सार्वजनिक गर्नेत प्रोत्साहित गर्नुपर्छ, समाजले पनि उनीहरूको उपस्थितिलाई मान्यता प्रदान गर्नुपर्छ र उनीहरूको आवाज सुनिदिनुपर्छ । "यौनका निम्ति कुनै महिलालाई खुलेआम रकम भुक्तानी गरिएको अवस्थामा उनले खुशी अनुभव गर्छिन् भने उनले व्यक्तिगत रूपमा राम्रै अनुभँति गरिरहेकी हुन्छिन् । अझ स्पष्टरूपमा भन्नुपर्दा उनले राजनीतिक दृष्टिकोण अघि सारेकी हुन्छिन्," समाजशास्त्री रोजोले बताए । यस्तो अवस्थामा, कसैले कुनै यौनिक अभिमुखीकरणप्रति खुशी र गर्वको अनुभव गर्नु पनि कुनै सामाजिक समँहको प्रवृत्ति हो, उनले बताए । तर त्यो अभिव्यक्तिलाई कुनै सरकार नियन्त्रित सञ्चार माध्यमको अभियानमा स्वस्फँर्तरूपमा स्थानान्तरित गर्न सकिन्न किनभने यस धारणालाई सबैले नबुझ्न सक्छन् । कुनै पनि वेश्यावृत्तिमा लागेकाहरूलाई खुशी भए नभएको बताइरहने राज्यको काम होइन, रोजोले भने ।

"अर्कोतर्फ, यौनकर्मी समेतका कुनै पनि नागरिकका लागि आफ्नो स्वास्थ्यको हेरविचार गर्ने सन्दर्भमा कन्डोमको पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो, तर यी साधनको प्रयोग गर्ने तरिका, पाइने स्थानजस्ता कुरामा राज्यले सम्बोधन गर्न सकेको छैन । यस्तो समस्या यौनकर्मीका निम्ति मात्र होइन, गृहिणी, समलिङ्गी वा अन्तरलिङ्गी सबैमा छ," उनले बताए ।

ब्राजिलका स्वास्थ्यमन्त्री अलेक्जान्डर पाडिल्हाले पनि यस्तै टिप्पणी गरेका छन् । "यस्तो सन्देश प्रवाह गर्न चाहने समँह र आन्दोलनप्रति म सम्मान प्रकट गर्दछु, तर यो उनीहरूकै जिम्मेवारी हो," उनले बताए । अहिलेको बहस भने वास्तविक राजनीतिमा सामाजिक सहभागिताको सम्भावनातर्फ केन्द्रित भएको छ । "समलिङ्गी, यौनकर्मी वा बन्दीहरूका निम्ति अभियान सञ्चालन गर्दा त्यसले उनीहरूको प्रतिष्ठामा बढोत्तरी हुन्छ," रोजो भन्छन् । "यसले उनीहरूलाई अरू नागरिक सरहको अवस्थामा पुऱ्याउँछ र यो वास्तवमै शक्तिशाली राजनीतिक हतियार हो । हामी धनी विपरीतलिङ्गीलाई मात्र सेवा प्रदान गर्दैनौं, हामी गरिब समलिङ्गी, यौनकर्मी, विपरीतलिङ्गी समेतका व्यक्तिलाई उत्तिकै सेवा गर्दछौं भन्ने सन्देश दिन चाहन्छौं किनभने हाम्रा लागि उनीहरु सबै समान छन् ।"

"कार्यशालाले छानेका मध्ये एउटा खास सन्देश छनोट गरेर सरकारले समानताको अवधारणालाई अस्वीकृत गरेको छ किनभने आफ्ना सपना र नागरिकको हैसियतबाट प्राप्त अधिकारलाई अभिव्यक्त गर्ने अधिकारबाट यौनकर्मीहरूलाई बञ्चित गरिएको छ । साथै, यसबाट उनीहरूको पहिचान र सामाजिक उपस्थितिलाई बेवास्ता गरिएको छ," यौनकर्मी समँह डाभीडाकी गाब्रिएला लिइटाले बताइन् । उनले कुनै यौनकर्मी खुशी हुन पाउँदैन भन्नु अहङ्कार रहेको बताइन् ।

बहुसंख्यक महिला यौनकर्मी २० देखि २९ वर्षका छन् र उनीहरूले प्राथमिक शिक्षा प्राप्त गरेका छन् । उनीहरु आफ्ना बालबच्चालाई मद्दत गर्न पाएकोमा गर्व गर्छन् । उनीहरूलाई जनस्वास्थ्य सेवामा कुनै किसिमको विभेद छैन, उनीहरूको विचारमा यो पेसाबाट अरू पेसाभन्दा बढी आम्दानी हुन्छ ।

तथापि, उनीहरु अपमानित र भेदभाव भएको अनुभँति गर्दछन्, र आफँ के गरिरहेको छु भनेर अरूलाई भन्दैनन्, खासगरी आफ्ना बालबच्चालाई । उनीहरूले आफँलाई विल्कुलै रूचि नलाग्ने र कन्डोम लगाउन नचाहने ग्राहकसँग जबर्जस्ती यौनसंसर्ग गर्नुपर्ने हुन्छ । *एनपीआई*

# एनआरएनए उपाध्यक्षमा भाट र सचिवमा तामाङको उम्मेदवारी घोषणा

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको नयाँ नेतृत्वका लागि वर्तमान गल्फ संयोजक नरेन्द्र भाटले उपाध्यक्षमा र एनआरएनए वहराइनका निवर्तमान अध्यक्ष श्याम तामाङले सचिव पदका लागि आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । एनआरएन वहराइनको चौथो महाधिवेशनका क्रममा बहराइनको नेपाली क्लबमा आयोजित कार्यक्रममा भाट र तामाङले आफ्नो उम्मेदवारी सार्वजनिक गरेका हुन । एनआरएनको छैटौ विश्व सम्मेलन तथा महाधिबेशन यही अक्टोवर १९ देखि २२ सम्म काठमाडौमा हुदैछ ।





आफ्नो उम्मेदवारीबारे प्रष्टयाउदै गल्फ संयोजक नरेन्द्र भाटले आफुले गल्फ संयोजकको हैसियदमा वर्तमान कार्यसमितिमा गरिरहेको कार्यको उच्च मूल्यांकन भएको र मध्यपूर्वमा रही आएको विविध श्रम सम्बन्धी तथा अन्य समस्या समाधानका लागि अझै आवाज उठाउने बताएका छन् । उनले बर्तमान समस्यामा क्रियाशिल भूमिका निर्वाहका लागि र विश्वभर छरिएर रहेका गैरआवासीय नेपालीहरूको समस्यालाई ससक्त रूपमा अगाडि बढाउने तथा समस्या समाधान गर्ने उद्देश्यका साथ आफुले उपाध्यक्षमा उम्मेदवारी दिएको घोषणा गरेका छन् । भाट कतारमा बस्दै आएका छन् । यसअघि नै कतारमा बस्दै आएका एनआरएनका सचिव टिबी कार्कीले उपाध्यक्षमा उमेदवारी घोषणा गरिसकेका छन् ।

यस्तै सचिवमा उम्मेदवारी दिएका एनआरएन बहराइनका निर्वतमान अध्यक्ष श्याम तामाङले बैदेशिक रोजगारमा भएका श्रम तथा अन्य विविध पक्षको समस्याका लागि आफुले गरेको कार्यको मूल्यांकन गर्दै खाडी तथा विश्वका विभिन्न मुलुकका एनआरएनको सल्लाहमा आफुले उम्मेदवारी दिएको बताउँदै आगामी दिनमा अझ प्रभावकारी भूमिका खेल्ने जनाए । उनले प्रवासी नेपालीका समस्या र उनीहरूका चाहनाका आवाज उठाउदै समस्याको हल खोज्नका लागि आफुले उमेदवारी दिएको जनाए ।

कार्यक्रममा एनआरएन बहराइनको चौथो महाधिवेशनले टंक बस्नेतको नेतृत्वमा सर्वसम्मतीले नयाँ कार्यसमिति चयन गरेको छ । जसमा प्रथम उपाध्यक्षमा सन्तोष दाहाल, द्वितीय उपाध्यक्षमा चन्द्रमणि महतरा, महासचिवमा काजी थापा मगर सचिवमा लालप्रसाद पुन, सह-सचिवमा नारायण उप्रेती, कोषाध्यक्षमा कमल श्रेष्ठ, सह-कोषाध्यक्षमा पुरन क्षेत्री, युवा प्रतिनिधीमा जयन्द्र घिसीङ्ग, महिला प्रतिनिधीमा लीला सापकोटा राना, कल्याणकारी कोष संयोजकमा श्याम राई चयन भएका छन । यस्तै सल्लाहकार समितिमा श्याम तामाङ र सल्लाहकारमा छवीलाल बिक, दुर्गा बहादुर गिरी, गोरख रामजाली चयन भएका छन भने आईसीसी सदस्यमा झम्क प्रसाद सापकोटा चयन भएका छन् ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.

Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# शिक्षाका लागि मोटरसाइकल अभियान

*जोफिन इब्राहिम*

कराँची । हार्लें डेभिड्सन मोटरसाइकलमा चढेर लोकप्रिय पाकिस्तानी गायक शहजाद रोय एउटा अभियानमा निस्केका छन्: पाकिस्तानको शिक्षा प्रणालीका राम्रा, खराब र कुरूप पक्षका बारेमा १७ करोड ६० लाख जनतालाई बताउने । हिमाली भूभाग, बालुवाले भरिएको मरूभूमि र हराभरा हरिया उपत्यका र समथर मैदानका साना गाउँबस्तीमा घुम्ने रोयले निजी टेलिभिजन च्यानल "जियो" बाट शनिबार र आइतबार राति प्रसारण हुने "चल पारह" नामको लोकप्रिय टेलिभिजन कार्यक्रममा तिनै गाउँबस्तीका कथा प्रस्तुत गर्दछन् ।

शिक्षा र साक्षरताका सम्बन्धमा जनचेतना फैलाउने प्रयत्नस्वरूप जियो टिभीद्वारा प्रबर्द्धित यो कार्यक्रम २३ भागको छ जसले कामै नलाग्ने राष्ट्रिय शिक्षा पाठ्यक्रम र प्राचीन पाठ्यपुस्तकदेखि खानेपानी, शौचालय र विद्युत्को अभावबाट ग्रस्त विद्यालयहरूको कथा चित्रण गरेको छ । झ निकै रमाइलो तरिकाबाट प्रस्तुत हुने रोयले हरेक भागमा सरकारलाई गृहकार्य दिन्छन् अर्थात् यसमा शिक्षा प्रणालीलाई सुधार गर्न नीतिगत सुझावहरु रहेका हुन्छन् ।

यो कार्यक्रममा देखाउन लायक दृश्यहरूको कुनै कमी छैनः रोयले शिक्षक नै नरहेका राम्राराम्रा सुन्दर विद्यालय भवनदेखि एकजना शिक्षकले तीनकोठे स्कुलमा धेरै विद्यार्थीलाई कोचकाच पारेर पढाइरहेको यसअघि नै देखाइसकेका छन् । केही अङ्कमा त उनले सन् २००५ को भूकम्पमा विद्यालय भवन क्षतिग्रस्त भएपछि टेन्टमुनि पढ्न बाध्य विद्यार्थीहरूलाई देखाएका छन् । स्कुल पुनर्निर्माण गर्न सरकारले उपलब्ध गराएको रकमको दुरूपयोग भएको छ, सरकारी अधिकारीहरूको दाबी छ । ग्रामीण क्षेत्रका विद्यार्थीलाई रूखमुनि बसेर पढ्नु पर्दछ भन्ने कुरा राम्रैसँग थाहा छ । स्कुलका धेरै कक्षाकोठामा स्थानीयवासीले गाईबस्तु बाँध्न र घाँसपात राख्न प्रयोग गरिरहेका छन् । ठूलै सहरमा पनि परिस्थिति त्यति राम्रो कहाँ छ र । यहाँ बालबच्चाहरु फोहोरको ढल तर्दै वा स्कुल जाँदा गन्हाउने फोहोरबाट बच्न नाक थुन्दै स्कुल जानु पर्दछ । यी विद्यार्थीहरु बिजुली वा भेन्टिलेसनको अभाव रहेका कक्षाकोठामा कोच्चिएर बस्न विवश छन् ।

रोयले चलाएको यो कार्यक्रमले तत्कालै निकै लोकप्रियता कमाएको छ । "कार्यक्रममा देखाइने चित्र शब्दमा वयान गरेको भन्दा निकै बढी प्रभावशाली हुने गर्दछ," इस्लामावादस्थित शिक्षा र जनचेतनासम्बन्धी गैसस ईदार-ए-तलीम-ओ- अगेहीका प्रमुख बाइला राजा जमिलले आईपीएसलाई बताइन् । "मैले मेरो गैससका सबैलाई यो कार्यक्रम अनिवार्यरूपमा हेर्न आग्रह गरेकी छु," उनले थपिन् ।अप्रिल २०१० मा १६ वर्षसम्मका सबैका निम्ति शिक्षालाई आधारभूत अधिकारका रूपमा ग्रहण गरिएको थियो, र पाकिस्तानको संविधानको धारा २५क मा यो कुरा समावेश पनि गरिएको छ ।

तैपनि, रोयका अनुसार पाँचदेखि नौ वर्ष बीचका स्कुल नजाने बालबालिका र केही वर्ष स्कुल गएर बीचमै पढाइ छाड्ने बालबालिकाको संख्या पाकिस्तानमा झण्डै ७० लाख छ । केहीको विश्वासमा यो समस्याको मुख्य जरो पाकिस्तान राष्ट्रको निर्माणसँगै गाँसिएको छ । कराँचीस्थित सामाजिक शास्त्र विज्ञान अनुसन्धान केन्द्रका वरिष्ठ अनुसन्धाता हरिस गज्दारका अनुसार "पाकिस्तानी राष्ट्रवादमा रहेको प्रभुत्वशाली पक्ष विभाजनकारी छ र उनीहरूमा राष्ट्र निर्माणका लागि सक्षम सांस्कृतिक मोडेल छैन ।" उनको विश्वासमा विश्वका सबैजसो देशमा राष्ट्रवादी उच्च वर्गले राष्ट्र निर्माणको साधनको रूपमा शिक्षालाई लिने गरे पनि पाकिस्तानको विभाजनकारी उच्च वर्गलाई यसको खासै महत्व छैन । धेरै परिवारले बालबच्चाको शिक्षामा आफ्नो क्षमता, रूचि र ज्ञानले भ्याएसम्म लगानी गरिरहेका भए पनि विश्वको कुनै पनि स्थानमा निजी मागका आधारमा मात्र विश्वव्यापी शिक्षा हासिल भइरहेको हुन्न, उनले आईपीएसलाई बताए ।

उनी भन्छन्, "पाकिस्तानमा शिक्षाका निम्ति सामूहिक माग नै छैन किनभने राष्ट्र निर्माणका निम्ति सांस्कृतिक मोडेलमै सामूहिक सम्झौता आजपर्यन्त कायम हुन सकेको छैन ।" जमिलको पनि स्वीकारोक्ती छ कि पाकिस्तानमा गुणस्तरीय प्रारम्भिक बालशिक्षा १० प्रतिशतभन्दा कम बालबालिकालाई मात्र उपलब्ध रहेको छ । पाकिस्तानको वार्षिक शैक्षिक प्रतिवेदन (एइएसआर) मा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेकी उनी बालशिक्षाका निराशाजनक आङ्कडाप्रति निकै चिन्तित छिन्: "सरकारबाट सञ्चालित ७० प्रतिशतभन्दा बढी प्राथमिक स्कुलका पाँच कक्षासम्मका लागि एक वा दुईवटा मात्र कक्षा कोठा छन् । ४० प्रतिशतभन्दा बढी स्कुलमा शौचालयको सुविधा छैन, ६६ प्रतिशत स्कुलमा विद्युत् सुविधा छैन र ३७ प्रतिशत स्कुलमा बालबालिकाका लागि खानेपानी सुविधा उपलब्ध छैन ।"

"पाकिस्तानमा पूर्व प्राथमिक कक्षाहरूमा शिक्षक वा सिकाइ सामग्री उपलब्ध मुस्किलले उपलब्ध छ, जबकी यी सुविधा उपलब्ध हुनुपर्ने प्रावधान राष्ट्रिय शैक्षिक पाठ्यक्रममा समावेश गरिएको छ," उनी भन्छिन् ।

प्राथमिक शिक्षामा कम उमेर र बढी उमेरका बालबालिका समेतको कूल भर्नादर ८६ प्रतिशत रहेको छ, जसमध्ये ३३ प्रतिशतले विद्यालय छाड्ने गरेका छन् । यहीबीच, प्राथमिक तहको शिक्षा पूरा गर्ने १८ प्रतिशत मात्र माध्यमिक स्तरको शिक्षाका निम्ति योग्य हुने गरेका छन् । कक्षा १० मा पुग्नेमध्ये ३० प्रतिशतले मात्र माध्यमिक तह पार गर्न सक्छन् र तीन प्रतिशत मात्र माथिल्लो तहको शिक्षामा आबद्ध हुन्छन् ।

यो अवस्थाले राष्ट्रिय साक्षरता दरलाई ५८ प्रतिशतमा सीमित पारेको छ र यो सहस्राब्दी विकास लक्ष्य (८८ प्रतिशत) को तुलनामा निकै कम हो ।

दुईसयभन्दा बढी स्कुलमा स्कुले बालबालिकासँगको अन्तर्वार्ता र बाबुआमा, शिक्षक, सरकारी अधिकारीहरु, धर्मगुरू तथा मनोवैज्ञानिकसँगको छलफलले यो कार्यक्रमलाई निकै रोचक तथा पीडादायी दुवै बनाएको छ, रोय भन्छन् ।

भौतिकशास्त्री एवं शान्तिकर्मी प्रोफेसर ए.एच. नायरजस्ता अन्य गन्यमान्य व्यक्तिले यो कार्यक्रमलाई निकै महत्व दिएका छन् । उनीहरूको विचारमा यसले सहस्राब्दी विकास लक्ष्यका उद्देश्यहरु हासिल गर्न सरकारी कार्य वा उपयुक्त किसिमबाट स्रोतसाधनको विनियोजन गर्न सरकारमाथि दबाब दिने विश्वास व्यक्त गर्दछन् ।

"सन् २००८/०९ को राष्ट्रिय शिक्षा नीतिले शिक्षामा बढी नै रकम विनियोजन गर्ने प्रतिज्ञा गरेको छ, तर त्यो प्रतिज्ञा अनुरूप कहिल्यै काम गरिएन," उनले आईपीएसलाई बताए । सरकारी आङ्कडा अनुसार, पाकिस्तानले शिक्षामा कूल राष्ट्रिय जिडीपीको दुई प्रतिशत मात्र खर्च गर्दछ ।

यो यात्रामयी टिभी कार्यक्रमले स्कुले शिक्षाबाट युवायुवती वन्चित हुने अन्य कारणहरूका झलक पनि प्रस्तुत गरेको छ, जस्तै गरिबी, बालश्रम र चाँडो विवाह । बालबालिकालाई स्कुलमा दिइने शारीरिक सजाय पनि अर्को बलियो कारण हो । रोयले हालै मात्र आठ वर्षकी बालिका मलाइकाको कथा देखाएका छन् । शिक्षकले उनको आँखामा कलमले घोचेका कारण आँखाको ज्योति नै गुम्ने खतरा उत्पन्न गराएको थियो । मलाइकाले पढाइमा पटक्कै ध्यान नदिएको शिक्षकको दाबी थियो ।

त्यो अङ्कले पाकिस्तानको फौजदारी कानुनको खण्ड ९९ लाई खारेज गर्ने प्रस्तावलाई तीनवटा प्रान्तीय संसद्ले अनुमोदन गर्न प्रोत्साहित गरेको थियो । यो खण्डले अभिभावकले असल मनसाय राखेर बालबालिकामाथि सजाय दिन सक्ने उल्लेख गरेको थियो ।

यसबाहेक, कार्यक्रमको प्रस्तुतिपश्चात शारीरिक सजायसम्बन्धी नेसनल एसेम्ब्लीमा वर्षौंदेखि थन्किएको एउटा अध्यादेशमाथि ताजा बहस सुरू भएको छ । सन् २०१० मा सांसद् अत्तीया इनायातुल्लाहले संसद्मा दर्ता गरेको यो विधेयकलाई मार्च १३ मा सर्वसम्मतरूपमा पारित गरिएको छ, उनले बताइन् । उनकै भनाइमा यो विधेयक पारित हुनु ऐतिहासिक कार्य हो ।

यो विधेयकले औपचारिकरूपमा कानुनको रूप लिएपछि बालबालिकामाथि दुर्व्यवहार गर्ने व्यक्तिमाथि एक वर्षसम्मको जेल सजाय, ५०० डलर जरिवाना वा दुवै हुन सक्नेछ ।

अर्को अङ्कले एउटी दुवै हात नभएकी युवतीको दर्दनाक कथा प्रस्तुत गरेको छ । खुट्टाको मद्दतले लेखपढ गर्न सक्ने यी किशोरीलाई गरिबीकै कारण स्कुलबाट निकालिनु परेको थियो । यो कार्यक्रम प्रस्तुत गरिएको केही दिनभित्रै नेसनल एसेम्ब्लीकी सभामुख फहमिदा मिर्जाले ती किशोरीको शिक्षाका निम्ति ५,००० डलरको चेक पठाइदिइन् ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# भानुजयन्तीमा बालकवि गोष्ठी

निर्झर दिलचेत वाङ्मय प्रतिष्ठानले आदिकवि भानुभक्त आचार्यको २०० औं जन्मजयन्तीको अवसरमा प्रतियोगितात्मक बाल कवि गोष्ठी सम्पन्न भयो । ज्ञान विकास नि.मा.वि. मा अन्ययनरत छात्रछात्राहरूकोबीचमा भएको उक्त प्रतियोगितात्मक कवि गोष्ठीका प्रमुख अतिथि डा. विमल कोइरालाले पुरस्कृत विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि प्रा. गोपीकृष्ण शर्माले आदिकवि भानुभक्त आचार्यको योगदानमाथि प्रकाश पारेका थिए ।

कार्यक्रम प्रतिष्ठानका अध्यक्ष रामेश्वर राउत मातृदासको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रमा थापा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरूणकुमार मगर र सदस्य ज्योति राईले बालबालिकाको वौद्धिक र सिर्जनात्मक विकासका लागि प्रतिष्ठानले निरन्तर पुर्याउँदै आएको सहयोगको सराह्राना गरेका थिए । साहित्यकार विमल भौकाजीले भानुभक्तको जीवनीबाट समाजले सधैँ प्रेरणा पाउने बताए । उक्त प्रतियोगितात्मक कविगोष्ठीमा इन्द्रबहादुर तामाङ, दीपा भण्डारी, रामहरि थापा र निरू तामाङले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्तवना पुरस्कार पाएका थिए ।

## खेलकुद

### पौडी टोली बार्सिलोनातर्फ प्रस्थान

काठमाडौं/ १५औं फिना विश्व पौडी च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली सोमबार स्पेनको बार्सिलोनातर्फ प्रस्थान गरेको छ । गत शुक्रबारबाटै सुरू भएको प्रतियोगितामा सहभागी हुन चार खेलाडीसहित प्रशिक्षक र पदाधिकारीको टोली त्यसतर्फ प्रस्थान गरेको हो ।

प्रतियोगितामा भाग लिने खेलाडीमा पुरूषतर्फ शिरीष गुरूङ र मिराज प्रजापति तथा महिलातर्फ ओलम्पियन श्रेया धिताल र सोफिया शाह रहेका छन् । ६ राष्ट्रिय कीर्तिमानधारी शिरीषले सय र दुई सय मिटर फ्रिस्टाइल तथा मिराजले ५० मिटर फ्रिस्टाइल र ५० मिटर ब्याकस्ट्रोकमा प्रतिस्पर्धा गर्नेछन् । श्रेया धिताले सय मिटर फ्रिस्टाइल र ५० मिटर बटरफ्लाइमा प्रतिस्पर्धा गर्नेछिन् । यस्तै सोफियाले ५० मिटर र दुई सय मिटर फ्रिस्टाइलमा खेल्नेछिन् । नेपाली टोलीको प्रशिक्षकमा ओङदेन लामा रहेका छन् । खेलाडीहरूसँगै पौडी संघको ठूलै समूह पनि बार्सिलोना प्रस्थान गरेको छ । संघका महासचिव जगतमान श्रेष्ठ टोली व्यवस्थापकका रूपमा बार्सिलोना उडेका छन् ।

### महिला डबल लिग भलिबल मंसिरमा

काठमाडौं/ ढोरपाटन स्पोर्टस् ट्रेनिङ क्लबको आयोजनामा नवौं ढोरपाटन 'ब्लु स्काई कप' टिभिएस महिला डबल लिग भलिबल प्रतियोगिता मंसिर २९ देखि पुस १३ सम्म काठमाडौंमा हुने भएको छ । प्रतियोगितामा कम्तीमा आठ तथा बढीमा १० टिमको सहभागिता रहने सोमबार आयोजित पत्रकार सम्मेलनमा आयोजकका अध्यक्ष मनवीर छन्त्यालले जानकारी गराए । छैटौं स्थानसम्म आउने टिमले नगद पुरस्कार पाउनेछन् । उत्कृष्ट खेलाडी, वर्ष खेलाडी र उदियमान खेलाडीलाई टिभिएस स्कुटी प्रदान गरिनेछ ।

### गेराथको पछि लाग्दै रियल

रियल म्याड्रिडले टोटनह्यामका स्ट्राइकर गेराथ बालेलाई भित्र्याउने अन्तिम तयारी गरेको स्पेनिस मिडियाले दाबी गरेका छन् । टोटनह्यामले गेराथलाई नबेच्ने बताए पनि स्पेनिस मिडियाले कीर्तिमानी आठ करोड ५० लाख पाउन्ड प्रस्ताव राखेको जनाएका छन् । स्पेनिस एजेन्सीका अनुसार गेराथलाई ६ वर्षका लागि अनुबन्ध गर्ने तयारीमा रियल छ । म्याड्रिडबाट प्रकासित हुने मार्का पत्रिकाले गेराथ पनि टोटनह्याम छाड्ने मनस्थिति बनाइरहेको जनाएको छ । यसका लागि गेराथले क्लबका अध्यक्षसँग कुराकानी गरिसकेका छन् ।



टोटनह्यामका भिलास बोआउसले गेराथलाई आफूहरूले नबेच्ने दाबी गरेका छन् । भ्यालेन्सियाका स्ट्राइकर रोबर्टो साल्डाडोलाई ल्याउने तयारी भइरहेको उनले जानकारी दिएका छन् । 'गेराथ अझै क्लबमा निरन्तरता दिने विचारमा छन्, वर्तमान फुटबलजगत्मा उनी एक उत्कृष्ट खेलाडीको पंक्तिमा पर्छन्, स्टार खेलाडीलाई कहीं नपठाउने पक्षमा छौं,' भिलासले भने ।

### मार्टिनो बार्सिलोनाका नयाँ प्रशिक्षक

अर्जेन्टिनी जेरार्डो मार्टिनो दुई वर्षका लागि स्पेनिस क्लब बार्सिलोनाको मुख्य प्रशिक्षकमा नियुक्त भएका छयाँन् । नियमित प्रशिक्षक टिटो भिलानोभ क्यान्सर रोगका कारण क्लबलाई छाडेपछि बार्सिलोनामा मुख्य प्रशिक्षक रिक्त थियो । बार्सिलोनाको व्यवस्थापकले मंगलबार स्टेटमेन्ट जारी गर्दै अर्जेन्टिनी मार्टिनोलाई नयाँ प्रशिक्षकका रूपमा जिम्मेवारी दिएको जानकारी दिएको छ ।

'बार्सिलोनाले दुई वर्षका लागि नयाँ प्रशिक्षक मार्टिनोसँग सम्झौता भएको छ, उनले आउने दुई सत्र क्लबलाई हेर्नेछन्,' बार्सिलोनाको स्टेटमेन्टमा उल्लेख छ । आपसी समझदारीमा दुवै पक्षबीच सम्झौता भएको हो । केही दिनपछि मार्टिनो आधिकारिक रूपमा बार्सिलोना आउनेछन् । 'केही दिनपछि उनी बार्सिलोनामा आउनेछन्, त्यस वेला सबै कागजी प्रक्रिया पूरा हुने छ,' स्टेटमेन्टमा भनिएको छ ।

यता, क्लबका पूर्वप्रशिक्षक पेप ग्वाउडिओलाले मार्टिनो प्रशिक्षक हुँदा आश्चर्य प्रकट गरेका छन् । स्पेनिस लिग १७ अगस्तदेखि सुरू हुँदै छ । सन् १९९१ मा मार्टिनो स्पेनिस राष्ट्रिय टोलीमा आबद्ध थिए । त्यसपछि उनी अर्जेन्टिनातिर लागे । लामो समय अर्जेन्टिनामा बसेपछि मार्टिनोले त्यहाँकै नागरिकता लिएका हुन् । दक्षिण अमेरिकामा मार्टिनोलाई एक सफल प्रशिक्षकका रूपमा लिने गरिन्छ ।



पाराग्वे तथा अर्जेन्टिनालाई समेत प्रशिक्षण दिइसकेका मार्टिनोले बार्सिलोनामा चुनौती धेरै हुने बताएका छन् । मार्टिनोले पाराग्वेलाई चार लिब्रडाड तथा सेरो पोर्टोनो उपाधि दिलाएका छन् । सन् २००२ तथा २००६ को सत्रमा उनी पाराग्वे राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक थिए । उनले सन् २०१० को विश्वकप फुटबल प्रतियोगितामा पाराग्वेलाई उत्कृष्ट नतिजा दिलाएका थिए ।

सो विश्वकपको क्वाटरफाइनलमा पाराग्वे स्पेनसँग १-० ले पराजित भएको थियो । मार्टिनोले अर्जेन्टिनी स्ट्राइकर लियोनल मेसीसँग काम गर्ने अवसर पाएको एजेन्सीले जनाएका छन् । अर्जेन्टिना कोपा लिब्रटाडोर्स कपको सेमिफाइनलमा पुग्दा उनले नै प्रशिक्षण दिएका थिए । सो टोलीको कप्तानी मेसीले गरेका थिए ।

# सशस्त्र प्रहरी महानिरीक्षक वन्तबाट दर्ज्यानी चिन्ह प्रदान



काठमाडौं । सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायव उपरीक्षक पदमा पदोन्नती भएका अधिकृतहरूलाई साउन ०९ गते सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमका विच दर्ज्यानी चिन्ह प्रदान गरे ।

नेपाल सरकार मन्त्रिस्तर तथा सचिवस्तरको विभिन्न मितिको निर्णयले सशस्त्र प्रहरी उपरीक्षकबाट सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकमा दुई जना, सशस्त्र प्रहरी नायव उपरीक्षकबाट सशस्त्र प्रहरी उपरीक्षकमा पाँच जना तथा सशस्त्र प्रहरी निरीक्षकबाट सशस्त्र प्रहरी नायव उपरीक्षकमा ४८ जना पदोन्नती भएका थिए ।

सशस्त्र प्रहरी महानिरीक्षक कोशराज वन्तले त्यसअवसरमा दर्जासँगै जिम्मेवारी समेत बढ्ने बताउनुहुँदै सुरक्षाको क्षेत्रमा आएको चुनौतीलाई परास्त गर्ने काम हामी सबैको काँधमा रहेकोले देश र जनताको सेवामा मन बचन र कर्मले निःश्वार्थ रूपमा लागिरहनु पर्ने बताएका थिए ।

संगठन विस्तारको क्रममा हाले जनशक्ति र विभिन्न इकाईहरू समेत थप भएको चर्चा उनले संगठनले समय सापेक्ष आवश्यक निर्देशिकाहरू समेत पारित गरेको तथा त्यसको कार्यान्वयनमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरू कृयाशिल रहनु पर्ने बताए । सशस्त्र प्रहरी महानिरीक्षक वन्तले आसन्न संविधान सभाको निर्वाचनमा शान्ति सुरक्षा कायम राख्न संगठनकोतर्फबाट पूर्ण रूपमा योगदान पुर्‍याउन सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीले आ-आफ्नोतर्फबाट योगदान पुर्‍याउन निर्देशन समेत दिए । समारोहमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू ठाकुरमोहन श्रेष्ठ, जीवनकुमार थापा, कृष्णकुमार तामाङ, सुशिलकुमार श्रेष्ठ लगाएत एपीएफ अधिकृतहरूको उपस्थिति रहेको थियो ।

## रङ्गीन खबर

### असमी गायक गोगोईलाई मिलाप सम्मान



काठमाडौं/ भारतको आसाममा गायकका रूपमा चर्चित लोहित गोगोईलाई मिलाप मासिक पत्रिकाले राजधानीमा सम्मान गरेको छ । सांगीतिक कार्यक्रमका लागि नेपाल आएको मौका पारेर मिलापले उनलाई सोमबार रातोपुलस्थित रकहाउसमा एक कार्यक्रम गरी सम्मान गरेको हो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका उपाध्यक्ष राधेश्याम लेकालीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा गायक गोगोईले मिलाप मासिकको चर्चा आसाममा पनि हुने गरेको बताए । उनले आफ्नो कलाकारिताको मूल्यांकन गर्दै सम्मान गरिएकोमा खुसी व्यक्त गरे । कार्यक्रममा मिलापका प्रधानसम्पादक कृष्णप्रसाद भुसालले नेपाली भाषीबीच लोकप्रिय गोगोईले नेपाली गीत-संगीतप्रति पुर्‍याएको योगदानस्वरूप सम्मान गरिएको बताए ।

### विभेदविरुद्ध पत्रकारिता पुरस्कार

काठमाडौं/ आमसञ्चार अभियानमार्फत दलित अधिकार तथा सबैखाले विभेदविरूद्ध क्रियाशील जागरण मिडिया सेन्टरले सेन्टरका संस्थापक अध्यक्ष स्व. सुभाषकुमार दर्नालको स्मृतिमा 'सुभाष दर्नाल जागरण राष्ट्रिय पत्रकारिता पुरस्कार' प्रदान गर्ने निर्णय गरेको छ ।

सेन्टरका अध्यक्ष रेमबहादुर विश्वकर्माले विज्ञप्ति जारी गर्दै सबैखाले विभेदविरूद्ध सामाजिक न्यायका क्षेत्रमा संलग्न आमसञ्चारकर्मीको अनुभव, समर्पण, क्षमता र योगदानको उच्च मूल्यांकन गर्दै यस्तो पुरस्कार दिन लागिएको जनाएका छन् । पुरस्कारका लागि २०६९ सालको 'सुभाष दर्नाल जागरण राष्ट्रिय पत्रकारिता पुरस्कार' छनोट समिति गठन गरिएको छ । नेपाल पत्रकार महासंघका पूर्वसभापति तथा पत्रकार धर्मेन्द्र झाको संयोजकत्वमा गठित समितिमा पत्रकार घमराज लुईंटेल र सञ्चारिका समूह नेपालकी अध्यक्ष तथा पत्रकार निर्मला शर्मा र समितिका सदस्यसचिवमा सेन्टरका महासचिव दीपक परियार छन् । पुरस्कार आगामी ३० साउनमा सुभाष दर्नाल स्मृति कार्यक्रममा प्रदान गरिने भएको छ । दर्नालको विदेश भ्रमणमा रहेका वेला सडक दुर्घटनामा मृत्यु भएको थियो ।

### सञ्चारकर्मी सुवेदीको निर्देशनमा एउटा साथी

काठमाडौं/ लामो समयदेखि रंगपत्रकारिता गरिरहेका सञ्चारकर्मी लक्ष्मण सुवेदीले चलचित्र निर्देशन गर्ने भएका छन् । चलचित्र पत्रकार संघका महासचिवसमेत रहेका उनले निर्देशक सोभित बस्नेतले निर्माण गर्ने चलचित्र 'एउटा साथी'बाट निर्देशकका रूपमा डेब्यु गर्न लागेका हुन् । हाल नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कार्यरत सुवेदीको चलचित्रको मंगलबार राजधानीमा एक कार्यक्रम आयोजना गरी घोषणा गरियो ।

सलोन फिल्मस्को ब्यानरमा बन्ने एउटा साथी पूर्ण मनोरञ्जक हुने दाबी निर्देशक सुवेदीले गरे । कार्यक्रममा उनले भने, 'एउटा साथी पूर्ण मनोरञ्जक चलचित्र हुनेछ । राम्रो बनाउन कुनै कसर बाँकी राखिनेछैन ।' निर्माता सोभितले



सञ्चारकर्मी सुवेदी प्रतिभासम्पन्न भएकाले चलचित्र निर्देशनको जिम्मा सुम्पिएको बताए । 'उनको पत्रकारिता जत्तिको प्रखर छ, चलचित्र पनि उत्तिकै अब्बल बनाउनेछन् भन्ने विश्वास मलाई छ,' उनले भने, 'लभस्टोरी फिल्ममा कमेडी, सेन्टिमेन्टस् तथा एक्सनलगायत सबै खुराक छन् । हरेक तहका दर्शकलाई मनपर्ने कथामा फिल्म बनाउँदै छौं ।' कार्यक्रममा चलचित्र पत्रकार संघका अध्यक्ष विदुर गिरीले सञ्चारकर्मबाट निर्देशनमा पाइला बढाएका सुवेदीलाई सफलताको शुभकामना दिँदै चलचित्र राम्रो बन्ने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा नायक सलोनले एउटा साथी आफ्ना लागि चुनौतीपूर्ण भएको बताए । उनले भने, 'यो फिल्ममा मेरो निकै चुनौतीपूर्ण भूमिका छ,' उनले भने, 'त्यसकारण मैले यसलाई अवसरका रूपमा लिएको छु ।' थुप्रै चलचित्रमा बालकलाकारका रूपमा अभिनय गरेर चर्चित भएका सलोनले यसअघि 'होस्टल' चलचित्रमा अभिनय गरेका छन् । आफ्नै होम प्रोडक्सनमा भने उनले हिरोका रूपमा यसै चलचित्रबाट डेब्यु गर्न लागेका हुन् ।

नायिका रिश्ता बस्नेतले यसअघि सुनील रावलको होस्टल चलचित्रमा अभिनय गरे पनि नायिकाका रूपमा भने एउटा साथी आफ्नो डेब्यु चलचित्र भएको बताइन् ।

सलोन बस्नेत, रिश्ता बस्नेत, जोन तामाङ, शिशिर भण्डारी, सोभित बस्नेत, विपना बस्नेत, जर्जी खड्गीलगायतले अभिनय गर्ने चलचित्रका अन्य कलाकारको छनोट भइरहेको जनाइन्छ । काठमाडौं, पोखरा र जोमसोममा खिचिने चलचित्रको सुटिङ भदौ दोस्रो सातादेखि सुरु हुनेछ । सुशील पंगेनीको लेखन रहेको चलचित्रमा टंक बुढाथोकीको संगीत छ भने द्वन्द्व निर्देशन राजेन्द्र खड्गीले गर्नेछन् ।

## कर्पोरेट

### मेगा बैंक चौथो वर्षमा प्रवेश

काठमाडौं/ मेगा बैंक नेपाल लिमिटेड सफलतापूर्वक चौथो वर्षमा प्रवेश गरेको छ । ७ साउन ०६७ बाट बैंकिङ कारोबार प्रारम्भ गरेको बैंकको बितेको तीन वर्ष उपलब्धिमूलक रहेको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । यो अवधिमा बैंकले पूर्वदेखि पश्चिम नेपालसम्म २८ वटा शाखा विस्तार गरिसकेको छ भने ४५ वटा अत्याधुनिक शाखारहित बैंकिङ सेवामार्फत ग्रामीण भेगका विकट बस्तीमा आफ्ना सेवाविस्तार गरिरहेको बैंकले जनाएको छ ।

स्थापनाको पहिलो वर्षमै २ करोड ४३ लाख रूपैयाँ र दोस्रो वर्ष ७ करोड १८ लाख रूपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको मेगा बैंकले गत आवमा पनि प्रक्षेपण गरिएअनुसार आशातीत मुनाफा आर्जन भएको जनाएको छ । वार्षिकोत्सवका अवसरमा सोमबार राजधानीमा गरिएको कार्यक्रममा बैंकले बाढीले बगाएको कन्चनपुरको भुजेलस्थित महाकाली जनज्योति निमाविको विद्यालय भवन निर्माण गर्न १ लाख रूपैयाँ सहयोग प्रदान गरेको छ ।

जापनिज गैरसरकारी संस्था एसिया फ्रेन्डसिप नेटवर्क (एएफएन) संगको साझेदारीमा विद्यालय भवन निर्माण गर्न लागिएको बैंकले जनाएको छ । कार्यक्रममा मेगा बैंकका अध्यक्ष प्राडा मदनकुमार दाहाल र प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहले एएफएनका क्षेत्रीय निर्देशक गणेशमान लामालाई १ लाख रूपैयाँको चेक हस्तान्तरण गरेको बैंकले जनाएको छ ।

### कृषि विकास बैंकमा रक्तदान

काठमाडौं/ कृषि विकास बैंकमा क्रियाशील नेपाल वित्तीय संस्था कर्मचारी संघले मुख्य कार्यालयमा रक्तदान सम्पन्न गरेको छ । बिपी कोइरालाको स्मृति दिवस अवसरमा बैंकको मुख्य कार्यालय रामशाहपथमा आयोजना गरिएको कार्यक्रममा ९२ जनाले रक्तदान गरेका थिए । वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष मधुसुदन खकुरालको अध्यक्षतामा सम्पन्न रक्तदान कार्यक्रमको शुभारम्भ बैंकका प्रमुख कार्यकारी अधिकृत तेजबहादुर बुढाथोकीले गरेका थिए ।

रक्तदान कार्यक्रम बैंकको नेपाल वित्तीय संस्था कर्मचारी संघ, वित्तीय संस्थामा आबद्ध बागमती क्षेत्रीय समिति, ललितपुर र भक्तपुर जिल्ला समितिको संयुक्त आयोजना गरिएको विज्ञप्तिमा उल्लेख छ ।

### प्रभु मनी ट्रान्सफर १२औं वर्षमा

काठमाडौं/ प्रभु मनी ट्रान्सफरले १२औं वर्ष प्रवेश अवसरमा सेवाग्राही र सेवाप्रदायक एजेन्सीलाई उपहार प्रदान गरेको छ । कम्पनीले सञ्चालन गरेको उपहारमा मनकुमारी झ्ागरले होन्डा साइन मोटरसाइकल प्राप्त गरेकी छिन् । आफन्तले विदेशबाट पठाएको रेमिट्यान्स नेपालबाट पाउनेमध्ये लक्की ड्रमार्फत उनले मोटरसाइकल प्राप्त गरेकी हुन् । झ्ागरलाई आफन्तले कतारबाट रकम पठाएका थिए । कम्पनीले १२औं वार्षिकोत्सव अवसरमा राम्रो काम गर्ने विभिन्न एजेन्ट तथा वित्तीय संस्थाका प्रतिनिधिलाई मलेसिया भ्रमण उपहार प्रदान गरेको छ ।

व्यक्तिगत रूपमा गरिएको लक्की ड्रमार्फत बैंक, विकास बैंक, फाइनान्स, सहकारी र व्यक्तिगत एजेन्ट गरी ६ जनालाई मलेसिया भ्रमणको उपहार घोषणा गरिएको छ । कार्यक्रममा ५ वटा सामसुङ ग्यालेक्सी मोबाइल सेट र १२ जना डिटिएच प्रविधिको डिसहोम एन्टेना विजेता घोषणा गरिएको थियो ।

०५९ देखि राजधानीको घन्टाघरबाट औपचारिक कारोबार सुरू गरेको कम्पनीले हाल कतार, साउदी अरब, मलेसिया, दुबई, अमेरिका, जापानलगायत मुलुकबाट रेमिट्यान्स सेवा प्रदान गर्दै आएको छ ।

### सिभिकको मुनाफा ७६ लाख

काठमाडौं/ धादिङमा मुख्य कार्यालय रहेको सिभिक डेभलपमेन्ट बैंकले गत आव ०६९/७० असारमसान्तसम्म ७६ लाख ५७ हजार सञ्चालन मुनाफा आर्जन गरेको छ । बैंकले ०७० असारमसान्तसम्म २५ करोड ४९ लाख ३७ हजार निक्षेप संकलन, २१ करोड ६१ लाख ६७ हजार कर्जा लगानी गरेको जनाएको छ । बैंकको अधिकृत पुँजी १० करोड, जारी पुँजी ४ करोड र चुक्ता पुँजी ४ करोड रूपैयाँ छ ।

### हेटौंडामा सानिमाको शाखा

काठमाडौं/ सानिमा बैंक लिमिटेड (सानिमा) ले मकवानपुरको हेटौंडामा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । हेटौंडासहित बैंकका शाखा सञ्जाल २५ पुगेका छन् । शाखा उद्घाटन अध्यक्ष जीवा लामिछाने तथा बैंकका ब्रान्ड एम्बेस्डर मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले बुधबार संयुक्त रूपमा गरेका हुन् । बैंकले चालू आव ०६९/७० मा ३०.५० करोड खुद मुनाफा हासिल गरेको जनाएको छ । सोही आव अन्त्यमा बैंकको कुल निक्षेप १७ अर्ब ७८ करोड, ऋण प्रवाह १५ अर्ब ९ करोड र कुल सम्पत्ति २१ अर्ब ९७ करोड रूपैयाँ रहेको छ ।

### किस्ट बैंक अत्याधुनिक भवनमा

काठमाडौं/ किस्ट बैंकले आइतबारदेखि बिजुली बजारस्थित नयाँ भवनबाट बैंकिङ कारोबार सुरु गरेको छ । अन्डर ग्राउन्डसहितको ८ तले भवनमा ५ सय कर्मचारीले काम गर्न सक्ने बैंक व्यवस्थापनले जनाएको छ । बैंकमा रहेका १६ क्यास काउन्टरबाट झन्डै सय जनाले एकैसाथ सेवा लिन सक्नेछन् । मुलुकभर ५१ शखा सञ्जाल रहेको बैंकले भवन बैंकिङ क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो रहेको दाबी गरेको छ ।

### कुमारी-रूस्लभ बैंक रेमिट सम्झौता

काठमाडौं/ कुमारी बैंक र रूस्लभ बैंक (रूसी महासंघ)बीच नेपालमा रेमिट्यान्स (विप्रेषण) कारोबार सम्झौता भएको छ । सम्झौताअनुसार रूस्लभ बैंकमार्फत विश्वका सयभन्दा बढी मुलुकबाट नेपालमा प्राप्त विप्रेषण रकम कुमारी बैंकका २८ शाखा र हजारभन्दा बढी ऐजन्टमार्फत ग्राहकले पाउन सक्नेछन् । सम्झौतामा कुमारी बैंकका कामु प्रमुख कार्यकारी अधिकृत उदयकृष्ण उपाध्याय र रूस्लभ बैंक सञ्चालक समिति अध्यक्ष एलेक्सी वाई अब्रामेतसेभले हस्ताक्षर गरेका थिए । रूस्लभ बैंकले सयभन्दा बढी राष्ट्रमा रहेका १ लाख २० हजार एजेन्टमार्फत विप्रेषण सेवा दिँदै आएको छ ।

## निर्वाचन...

रेग्मी सरकारलाई समर्थन गर्ने प्राय सबै दलभित्र आन्तरिक विवाद चर्किएको छ । नेपाली कांग्रेसभित्रैबाट रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिनुपर्ने माग आएको छ भने नेकपा एमालेभित्र पनि त्यस्तै आवाज उठ्न थालेको छ ।

नेकपा एमालेको हालै सम्पन्न भएको केन्द्रीय समितिको बैठकले पनि मंसिर ४ गते निर्वाचन हुनेमा आशंका जनाएको छ । पार्टीभित्रै निर्वाचन अगाडि नै पार्टीको महाधिवेशनको मिति तोक्न दवाब परे पनि निर्वाचनपछि मात्र महाधिवेशनको मिति तोक्ने भएको छ । मंसिर ४ गते निर्वाचन हुन नसकेको खण्डमा पार्टीको महाधिवेशन कहिले गर्ने भन्ने विषयमा पार्टीभित्रै व्यापक विवाद उब्जिएको छ । नेकपा एमाले नेतृत्वको पदावधि आउँदो फागुन महिनाभित्रमा समाप्त हुने भएको हुनाले फागुन महिना भित्रैमा पार्टीको महाधिवेशन हुनु अनिवार्य भएको छ । नेकपा एमालेको केन्द्रीय समितिको बैठकले पार्टीको महाधिवेशनका लागि अनिवार्य मानिएको विधान अधिवेशन भने भदौको दोस्रो साता सम्पन्न गर्ने निर्णय गरे पनि तोकिएको समयमै विधान अधिवेशन हन्छ भन्ने कुरामा नेताहरूले आशंका जनाएका छन् ।

नेकपा एमालेले संविधानसभा निर्वाचनलाई ध्यान दिदै मधेस केन्द्रीत अभियान सञ्चालन गर्ने भएको छ । केन्द्रीय समितिको बैठकले निर्वाचन अभियान अगाडि बढाउने निर्णय गर्दै निर्वाचन परिचालन समिति र घोषण पत्र तयार गर्ने जिम्मेवारी स्थायी समितिलाई दिएको छ । केही समय पहिला नेकपा एमालेका मधेसका केही नेताहरू पार्टी परित्याग गरी अन्य पार्टीहरूमा गएका हुनाले उनीहरूको बदलामा अन्य मधेसवादी नेताहरूलाई उभ्याउनका लागि एमालेले मधेस केन्द्रित अभियान सञ्चालन गर्नलागेको एक नेताले बताएका छन् । सरकारलाई समर्थन दिंदै आएका दलहरूले नै निर्वाचनप्रति आशंका जनाएका हुनाले तोकिएकै मितिमा निर्वाचन हुन्छ त भन्ने प्रश्न समेत जन्मिएको छ ।

## वैद्यको...

एक सर्वेक्षणमा कांग्रेस र एमाले पहिलो र दोस्रो तथा माओवादी तेस्रो स्थानमा झर्ने नतिजा सर्वाजनिक भइसकेको छ । यही आधारमा एमाओवादीसमेत निर्वाचनमा जान चाहँदैन र निर्वाचन नगराउने अनेक बहाना खोज्दैछ भन्ने आरोप सुरू भइसकेको छ ।

अन्तर्राष्ट्रिय समुदाय र खासगरी चीनले समेत लोकतन्त्र र चुनावमा जान नेकपा-माओवादीलाई सुझाव दिएको चर्ता छ । त्यसो हो भने नेकपा-माओवादी अन्तिम अवस्थामा चुनाव भाँड्न छोडेर चुनाव लड्न जानेछ भन्ने हावा चल्न थालेको छ । त्यस्तो भयो भने प्रचण्ड शिखरबाट भुइँमा पछारिने छन् र उनको हैसियत सतहमा देखिने छ । त्यसो नहोस् भनेर नै वैद्य समूह चुनावमा जाला भन्ने भयले प्रचण्डलाई आजकल कामज्वरो आउन थालेको बताइन्छ ।

## राजधानीबासीलाई...

भइसकेको छ । यिनै नेताहरूले केही गर्छन्, संविधान बनाउँछन् भन्ने आधार जनताले देखेका छैनन् । निषेध र विभेदको राजनीतिलाई लोकतन्त्र मान्ने नेताहरूले जनताको सपनालाई नष्ट गरिदिएका छन् ।

जबसम्म राजनीतिक वर्गले भूल स्वीकार गर्दैनन्, इमान्दार बन्छौं भन्दैनन्, मंसिर ४ को चुनाव भइहाले पनि मतदान साह्रै कम हुने र यस्तो चुनाव पनि भ्रष्टाचार र अपराधकै दलदलमा भासिने निश्चित छ ।

## दबाद नदिन...

मित्रराष्ट्रहरूको छबिलाई पनि राम्रो गर्दैन ।

संयुक्त राष्ट्रसंघको वडापत्र पञ्चशीलताको सिद्धान्त र अन्तर्राष्ट्रिय कानुन र मूल्य मान्यताका विरूद्ध नेताहरूमाथि चुनावका पक्षमा लाग्न अन्तराष्ट्रिय दबाब परेको विज्ञप्तीमा जनाइएको छ । आन्तरिक मामिलामा अहस्तक्षेपको नीति अवलम्बन गर्नु पर्नेमा केही समययता कूटनीतिक निकायबाट नेपालको संविधान लेख्दा संविधानसभामा निर्वाचन लगायतका नितान्त आन्तरिक मामिलामा दख्खल पुग्ने गरी अभिव्यक्ति दिने र नेताहरूलाई दबाब दिने जस्ता घटना परिघटना भइरहेको विज्ञप्तीमा उल्लेख गर्दै यतिबेला अन्तर्राष्ट्रिय निकायको चलखेल तथा हस्तक्षेप चौतर्फी बढेको अनुभव हामीले गरेका छौं - गुरूङद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । त्यसै गरी मंसिर ४ का लागि घोषित निर्वाचनले मुलुकलाई झन ठूलो संकटतर्फ धकेल्ने दाबी गुरूङको छ । निर्दलीय सरकार गठन हुँदा पनि त्यसको समर्थन गरिनु, नागरिकता वितरणका नाममा आप्रवासीलाई खुलेआम भित्र्याएर वास्तविक नेपालीलाई अल्पमतमा पार्दै आप्रवासीलाई बहुमतमा बनाउन गरिएको प्रयास तथा कथित निर्वाचन प्रयोजनलाई समर्थन गर्ने जस्तो अलोकतान्त्रिक कार्यहरू कतिपय कूटनैतिक निकायबाट निरन्तर भइरहेका छन् । यस प्रकारको हस्तक्षेपकारी नीतिबाट स्वाभीमानी नेपालीलाई दुखित तुल्याएको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

नेकपा-माओवादीका सचिव गुरूङद्वारा प्रकाशित गरिएको विज्ञप्तीलाई ३३ दलको सहमति वा ३३ दलकै विज्ञप्ती भनिए पनि गुरूङबाहेकका अन्य कुनै दलका नेताको हस्ताक्षर नभएको हुनाले उक्त विज्ञप्तीलाई नेकपा-माओवादीको मात्र विज्ञप्ती हो कि अन्य ३३ दलको पनि भन्ने विषयमा अन्तर्राष्ट्रिय समुदाय र कूटनीतिक क्षेत्रमा हल्लीखल्ली मच्चिएको छ । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालसँग वार्ता गरेकै भोलिपल्ट तराईमा पुगेर उद्घोष गरे । अहिलेकै अवस्थामा निर्वाचन हुँदैन, तपाईंहरू संघर्षका लागि तयार हुनुहोस्, कार्यकर्तालाई दिएको उनको यो निर्देशनले प्रष्ट हुन्छ, मंसिर ४ मा निर्वाचन सम्भव छैन ।

## पूर्वराजा नै...

सम्मेलनमा चन्दले भने -अब राष्ट्रियताका लागि नेपाली सेना र नेपाल प्रहरी लगायत अन्य सुरक्षाकर्मीहरू पनि सजग हुनुपर्ने बेला आएको छ । कम्युनिस्ट र प्रजातन्त्रवादीबीच सहमतिको आवश्यकता भएपनि हेटौंडा महाधिवेशनबाट लथालिङ्ग भएको लाइन यथावत रहेसम्म एमाओवादीसँग एकताको कुनै सम्भावना नरहेको प्रष्ट पारेका छन् ।

आफ्नो पार्टीलाई वार्तामा बस्न उच्चस्तरीय राजनैतिक संयन्त्रले पत्र लेखेपनि त्यो पत्रमा पूर्वसर्त राखिएको र संयोजक पुष्पकमल दाहालले बिना सर्तको अर्को पत्र पठाउन सक्ने सम्भावना रहेको चन्दले बताएका छन् । मन्त्रिपरिषद् अध्यक्षले पठाएको पत्रमा पनि सर्त राखिएको छ तर संयन्त्र संयोजक दाहालले त्यो सर्त होइन भनेपछि अर्को पत्र आउन सक्छ- चन्दको भनाइ थियो ।

गोलमेच सम्मेलनमा सबै इमानदार भए सबै कुरा मिल्ने र संविधानसभाको निर्वाचन पनि गर्नु नपर्ने चन्दको दाबी थियो । चारदल गोलमेच सम्मेलनको लागि तयार हुनु सकारात्मक भए पनि राज्य पुनर्संरचना स्वरूप जातजातिका अधिकारका कुरा मिल्यो भने नयाँ जनादेश आवश्यक छैन । हिजो १० गतेदेखि पार्टीको शान्तिपूर्ण आन्दोलन सुरू भइसकेको र त्यसलाई २०५२ सालअघिको जस्तो नीति सरकारले लिए डटेर सामना गर्ने तयारीमा आफ्नो पार्टी सहित ३३ दल रहेको उद्घोष चन्दले गरेका छन् ।

## सदाबहार..

डा. बावुराम भट्टराई प्रधानमन्त्री रहेका बेला उनको ध्यान स्वास्थ्य तथा जनसंख्या मन्त्रालयतिर पुगेको र उनले त्यही मन्त्रालयका लागि दवाब दिएर आफू स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका भएपनि महतोले स्वास्थ्यमा ब्रम्हलुट मच्चाउनु बाहेक अन्य केही सुधार गर्न सकेका थिएनन् ।

जनकपुरमै महतोले उद्घोष गरे मंसिर ४ निर्वाचन हुन नसकेको खण्डमा मुलुक संवैधानिक संकटमा फस्ने र त्यसले संकट उत्पन्न गराउने भन्दै जसरी भएपनि तोकिएको समयमा निर्वाचन हुनुपर्ने बताउँदै हालै सर्वोच्च अदालतले नेपाली नागरिकता बिना फोटो सहितको मतदाता सूचिमा नाम लेख्न नपाउने अदालतको आदेशलाई मधेसप्रति गरिएको विभेद भन्दै त्यो आदेश संविधान बाहिरको भएको हुनाले त्यसको बिरोधमा सद्भावना पार्टीले विरोध गर्ने बताएका थिए । स्मरण रहोस्, सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीशसहितको इजालासले पहिला दिएको आदेशलाई खारेज गरिसकेको छ । २०६४ सालको निर्वाचनमा गैर नेपालीहरूलाई मतदाता सूचिमा राखेर उनीहरूकै मतदानबाट निर्वाचन जित्न सफल भएर पटक-पटक मन्त्री बनेका महतोले अहिले सर्वोच्च अदालतको आदेशका विरूद्ध विरोध प्रदशन गर्ने उद्घोष नै मधेसका जनतालाई झुक्याएर फेरि निर्वाचन जिति मन्त्री पद पाउने छट्टु चाल बाहेक अन्य केही हुन सक्दैन । उनले मन्त्री नबन्ने उद्घोष गरेपनि निर्वाचनमा उम्मेरदवार हुने कि नहुने भन्ने कार्यकर्ताहरूको सवालमा कुनै उत्तर नदिएको हुनाले अध्यक्ष महतोले निर्वाचन जित्नैका लागि मन्त्री नबन्ने चतु¯याईपूर्वक घोषणा गरेका महतोले मधेसमा सशस्त्र आन्दोलन गरिरहेका केही पार्टीहरूलाई आफ्नो पार्टीमा विलय गराएर आफू त्यहींबाट निर्वाचन जिति मुख्य मन्त्री बन्ने दाउमा रहेको एक सद्भावना पार्टीका नेताले बताएका छन् । अध्यक्ष महतोले पहिला पनि अब आफू मन्त्री नबन्ने उद्घोष पार्टीको महाधिवेशनमा नै गरेका भएपनि पछि पार्टीभित्र विद्रोह हुन सक्ने अवस्था आएको भन्दै आफै मन्त्री बनेका थिए- एक नेताको भनाइ त्यस्तो थियो ।

## उत्पादन..

विस्कुट र पेलेट दाना उद्योगहरू छन् । यी उद्योगहरूले उद्योग संघ मार्फत् नेपाल उद्योग वाणिज्य महासंघमा जाहेरी गरेपनि महासंघले कुनै राहत कार्य गर्न गराउन सकेको छैन । हेटौंडाको औद्योगिक क्षेत्रमै महाधिवेशन सम्पन्न गरेको एमाओवादीको पहिलो शिकार यही औद्योगिक क्षेत्र बन्न पुगेको छ ।

## अब नेताले..

हुन पनि अहिलेको राजनीतिक व्यवस्था र अहिले केन्द्रमा रहेका नेताहरूबाट एकदमै असंतुष्ट बनेका नेपाली जनता अब अरू धैर्य गर्ने मनस्थितिमा छैनन् । जसलाई शनैःशनै यी नेताहरूले समेत बुझ्न थालेका छन् । त्यसैको प्रमाण हो, वैद्य र काँग्रेसका कोइरालाहरूको अभिव्यक्ति । हेर्दै गरे हुन्छ, आउँदा दिनहरूमा यस खाले 'रोचक घटनाक्रम' हरूको बाढी नै आउँछ । कोही राष्ट्रियताको शीर्षकमा त कोही प्रजातन्त्र बचाउने शीर्षकमा (पूर्व) राजासँग सहकार्य गर्नका लागि आतुर देखिनेछन् । अब संविधानसभा-२ का लागि निर्वाचन समेत हुने छाँटकाँट छैन भने सर्वमान्य संविधान निर्माण हुने त कहाँ हो कहाँ ? यसरी कतिन्जेल मुलुकलाई धान्ने ? हिजो अन्धकारमा रहेका नेपाली जनताले आज वास्तविकता थाहा पाइसके । त्यस कारण यिनको 'आश' मा अझ कतिन्जेल रूमलिने !? चाहे मन्दिर दर्शनका लागि होस् वा चाहे बाढी पीडितलाई आफ्नो निजी सम्पत्तिबाट सहयोग गर्ने कुरामा होस्..... जहाँ जहाँ (पूर्व) राजा जान्छन् त्यहाँ त्यहाँ नेपाली जनताको उर्लिएको भीँड अनि नेताहरूबाट आफूहरू ठगिएको जाहेरीले पनि अब नेपाली राजनीतिको केन्द्रविन्दूमा अहिले 'पूर्वराजा' मा दरिएका ज्ञानेन्द्र शाह नै हुनेछन्- त्यो पक्का छ । तुरून्तै नारायणहिटी नपस्लान् !! तर अबको नेपाली राजनीतिको सेरोफेरो शाहकै वरिपरि घुम्ने पक्का छ । होला, संवैधानिक राजतन्त्र, आलंकारिक राजतन्त्रहरू जस्ता विशेषण अहिले नलाग्ला । तर पनि शाह अब पुनः एकपटक नेपाली जनताको आशा एवम् विश्वासको पात्र बन्नेछन् । भनौं त, को माथि नेपाली जनताले विश्वास गर्ने ? तिनै बोली, व्यवहार र कर्मको ठेगान नभएका नेताहरूलाई ?! .... तिनै राष्ट्रलाई विखण्डनतिर लैजान खोज्ने नेपाली अनुहारका विदेशी दलालहरूलाई !? त्यस कारण पनि चतुर र बुझक्कडहरूले अहिलेदेखि नै आफ्नो 'लाइन' लाई परिवर्तन गरेर 'सहकार्य' को प्रस्ताव राखिसके । भोलिका दिनमा यो क्रम अझ बढ्नेछ । त्यो पक्का छ ।

# नक्कली हस्ताक्षर गरी निर्वाचन आयोगमा निवेदन

काठमाडौं । आउँदो मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनका लागि निर्वाचन आयोगले दल दर्ता गर्न दिएको समयसीमाभित्रमा तत्कालीन संविधानसभामा उपस्थित भएका ३३ दल सहितका अन्य १३९ दलले निवेदन दिएका भए पनि कतिपय दलले आयोगको प्रक्रिया नपुऱ्याई निवेदन दिएको खुलासा भएको छ ।

निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका दलहरूमध्येका करीब ५० वटा दलले दल दर्ताका लागि १० हजार मतदाताको हस्ताक्षर बुझाउनु पर्ने प्रावधान भए पनि कतिपय दलहरूले १० हजार मतदाताको हस्ताक्षरबिना नै निवेदन दिएको र त्यसरी निवेदन दर्ता गराउँदा हस्ताक्षर र मतदाता नम्बर उल्लेख गर्नुपर्नेमा त्यसो नगरी निवेदन दर्ता गराएका हुनाले त्यस्ता दलहरू स्वतः रद्ध हुने भएका छन् । कतिपय दलहरूले नाम हस्ताक्षर र मतदाता नम्बर एउटै राखी निवेदन दिएको आयोगले जनाएको छ । आयोगमा दल दर्ताका लागि एक सय ३९ वटा दलले निवेदन दिएका र तत्कालीन संविधानसभामा रहेका ३३ दलबाहेकका अन्य दलहरूले अनिवार्य रूपमा १० हजार मतदाताको हस्ताक्षर बुझाउनु पर्ने प्रावधान रहेको छ ।

२०६९ साल मंसिरसम्ममा संकलित भएको फोटो सहितको मतदाता नामावलीको विवरणलाई आधार मानेर कम्प्यूटर प्रणालीबाट आयोगले हस्ताक्षर परीक्षण गरेकोमा त्यस्तो नक्कली र किर्ते हस्ताक्षर भेटिएको हो । आयोगले पहिलो चरणमै ३२ दलले आवश्यक प्रक्रिया नपुऱ्याएको भन्दै उनीहरूलाई निवेदन सच्याउन पत्राचार समेत गरिसकेको र अन्य २० दलहरूलाई समेत पत्राचार गर्ने अन्तिम तयारी गरिएको आयोगले जनाएको छ । १० हजारभन्दा थोरै मात्र हस्ताक्षर संकलन गरी दल दर्ताका लागि निवेदन दिएका दलहरूका निवेदन सम्वन्धित दलहरूलाई नै फिर्ता पठाइसकेको आयोगको भनाइ रहेको छ ।

युनाइटेड ग्रिन अर्गनाइजेसन, स्वाभीमान एकता समाज, श्रमजीवि दल, राष्ट्रिय एकता पार्टी, हिन्दू प्रजातान्त्रिक पार्टी, नेपाल जनभावना पार्टी, जनता दल, राष्ट्रिय एकता मञ्च, राष्ट्रिय लोकतान्त्रिक युवा नेपाल पार्टी, नेपाल कम्युनिस्ट पार्टी (मालेमा) साम्यवादी महिला जनता पार्टी, संघीय विकासवादी पार्टी, नयाँ नेपाल राष्ट्रिय पार्टी, नेपाल लेभर पार्टी, राष्ट्रवादी जनता पार्टी र राष्ट्रिय मुक्ति आन्दोलन लगायतका अन्य धेरै पार्टीहरूमा समस्या देखिएको हुनाले आउँदो संविधानसभाको निर्वाचनमा ८०-९० वटा भन्दा बढी पार्टीहरूले निर्वाचनमा भाग लिन नसक्ने अवस्था देखिएको हुनाले आयोगले आफैंले तयार पारेका निर्देशिकालाई कडाइका साथ लागू गर्नुपर्ने अवस्था सिर्जना भएको छ । अहिलेको अवस्था हेर्दा पार्टी दर्ता गर्ने एक किसिमले होडबाजी नै चलेको हुनाले प्रक्रिया नै नपुऱ्याई दल दर्ताका लागि निवेदन दिएको खुलासा भएको छ । अनुभवी मानिएका आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीको अनुभव र कार्यदक्षता दल दर्ताले नै प्रष्ट रूपमा अब देख्न सकिने भएको छ ।

# सिमेन्टमा गुणस्तर : पैसा दिनेमात्र पास

काठमाडौं । महिनै पिच्छे ५/५ लाख दिन सकिन्न भनेर घुस दिन नमानेपछि गुणस्तर तथा नापतौल विभागले दर्जन जति सिमेन्ट गुणस्तरहीन भएको ठहर गरिदिएको छ । सिमेन्ट उद्योगीहरू भन्छन्, घूस नदिएका गुणस्तर छैनन् भनेर हाम्रो लगानी र विश्वसनीयतालाई जोखिममा पार्ने काम भएको छ । यो राज्यका आतंक हो । अहिले गुणस्तरहीन भनिएका सिमेन्ट ब्राण्ड हुन्- मारूती, रिलायन्स, सिद्धार्थ, बुलन्द, हामाटेक, जगदम्बा, निर्माण, एडभान्स, पीसीसी निर्माण, विनायक आदि । यी सबै उद्योगहरूले मासिक रूपमा ५ लाख दिनु पर्ने माग भएपछि एकताबद्ध भएर त्यतिको 'नजराना' दिन नसक्ने जानकारी दिएका थिए । त्यसको लगत्तै गुणस्तर जाँच गरेर योजनावद्ध रूपमा 'गुणस्तरहीन' भनेर डाम्ने काम भएको थियो ।

तर आश्चर्य कुरा के छ भने विभागका सूत्र मार्फत् ५ लाख दिन तयार भएर पैसा पठाएकाले अम्बे ग्रुपको अम्बे सिमेन्टलाई 'गुणस्तरीय' भनेर पास गरिदिएको छ । कानुनको राज खत्तम भएर बढेको भ्रष्टाचार राजमा गुणस्तर तथा नापतौल विभाग सबैभन्दा भ्रष्टाचारी भएर निस्किएको चर्चा छ ।

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,
बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार